मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## आजबाट चौथो अधिवेशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको चौथो अधिवेशन आज मंगलबारबाट आरम्भ हुँदैछ । दिउँसो १ बजे प्रदेश सभा भवनमा बस्ने अधिवेशनमा प्रदेश प्रमुखको पत्र सभामुखले पढेर सुनाउने कार्यक्रम छ ।
यस्तै, प्रदेश प्रमुखको कार्यालयले पठाएको विधेयक प्रमाणीकरणको पत्र वाचनपछि बैठकको अध्यता एवम् सदस्यहरुको मनोनयनको सूची तय भएको छ । बैठकमा प्राकृतिक स्रोत तथा वातावरण समितिका सभापति शारदा पहाडीले मधेशमा पर्यटनको विकास र प्रवद्र्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक समितिको प्रतवेदन प्रस्तुत गर्नेछिन् । यसपछि पहिलो दिनको बैठकमा दलीय आधारमा प्रदेश सभा सदस्यहरुको मन्तव्यको कार्यसूची तय भएको छ ।

● वर्ष ३ ● अंक ५८ ● २०८१ साल पुष २३ गते मंगलबार ● Tuesday 07, January 2025 ● सूर्योदयः बिहान ६:५६ बजे ● सूर्यास्तः साँझ ५:२८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# जय ट्रफीः मधेश र बागमती तथा आर्मी र पुलिसबीचको खेल 'ड्र'

**मधेशदृष्टि**
**वीरगंज ।**
जय ट्रफी पुरुष एलिट कपमा मधेश र बामगती प्रदेश तथा नेपाल पुलिस क्लब र त्रिभुवन आर्मीबीचको खेल बराबरी (ड्र) भएको छ । जनकपुरस्थित रामजानकी मैदानमा सोमबार मधेशले प्रस्तुत गरेको १ सय ६४ रनको लक्ष्य पच्छ्याएको बागमतीले दोस्रो तथा अन्तिम दिनको खेल सकिँदा ६ विकेट गुमाएर ९७ रन मात्र जोड्यो । बागमतीका लागि रित गौतमले २५, शुभ कशांकारले २३, आशुतोष घिरैयाले १७ तथा प्रतिस जिसी १६ रन बनाए । मधेशका लागि कप्तान हरिशंकर साहले तीन तथा रञ्जित कुमार, अभिषेक तिवारी र रुपेश सिंहले समान एक विकेट लिए । मयन यादवको शतकप्रेरित मधेशले दोस्रो इनिङमा २ सय ११ रन बनाएको थियो । मधेशका कप्तान हरिशंकर साहले २११–९ को स्थितिमा इनिङ समाप्तिको घोषणा गरेका थिए । मधेशका लागि मयनले सर्वाधिक १०८ बलमा १२ चौका र दुई छक्काको मद्दतले १०६ रनको योगदान दिएका थिए । मयनले जय ट्रफीको इतिहासमै पहिलो शतक बनाएका हुन् । यसैगरी अभिषेक तिवारीले १९, निरज यादवले १७ तथा विशाल पटेल र रुपेश सिंह समान १४ रनको योगदान गरे ।बागमतीका लागि कप्तान सन्दीप लामिछानेले पाँच विकेट लिए । पहिलो इनिङमा समेत पाँच विकेट हात पारेका सन्दीप एकै खेलमा १० विकेट पूरा गर्ने पहिलो खेलाडी बनेका छन् । यसैगरी सूर्य तामाङले दुई तथा नन्दन यादव र रिजन ढकालले समान एक विकेट लिए ।
त्यसअघि, टस जितेर ब्याटिङ रोजेको मधेश पहिलो इनिङमा १ सय २ रनमै समेटिएको थियो । १ सय ५० रन बनाएपछि बागमतीले ४८ रनको सामान्य अग्रता लिएको थियो । खेल बराबरीमा सकिएपछि बागमती र मधेशले समान १५ अंक प्राप्त गरेको छ ।
यसैबीच, जय ट्रफी मेन्स एलिट कप २०८१ अन्तर्गत नेपाल पुलिस क्लब र त्रिभुवन आर्मीबीचको खेल पनि ड्र भएको छ । सोमबार दोस्रो दिनको खेल सकिँदा पुलिसले लक्ष्य पूरा गर्न सकेन भने आर्मीले पनि पुलिसलाई अलआउट गर्न सकेन । पर्साको वीरगंजमा भएको खेलमा आर्मीले दिएको १ सय ७२ रनको लक्ष्य पच्छ्याएको पुलिसले ४२ ओभरमा ५ विकेट गुमाएर ८८ रन मात्र बनाउन सक्यो । दोस्रो इनिङमा आर्मीले अलआउट हुँदै १ सय ७५ रन बनाएर १ सय ७१ रनको अग्रता कायम गरी पुलिसलाई जितका लागि १ सय ७२ रनको लक्ष्य दिएको थियो ।
पुलिसले १ सय २५ रन जोड्दा अलआउट भएपछि ४ रनको अग्रता बनाएको थियो । पुलिसका गुल्शन झाले सर्वाधिक ४७ रन बनाए । आर्मीका साहब आलम एक्लैले ८ विकेट लिँदा सोमपाल कामी र पवन कार्कीले १–१ विकेट लिएका थिए । दोस्रो खेलमा बुधबार बागमतीले आर्मी र मधेशले पुलिसको सामना गर्नेछन् ।




*चेक हस्तान्तरणः नेपाल क्रिकेट सङ्घ (क्यान)द्वारा सोमबार आयोजित जनकपुरधामको रामजानकी अन्तर्राष्ट्रिय बहुउद्देश्यीय रङ्गशालामा जारी जय ट्रफी मेन्स एलिट कप २०८१ अन्तर्गत जय ट्रफीमा बागमती प्रदेश र मधेश प्रदेशको म्याचमा म्यान अफ द म्याच बागमती प्रदेशका सन्दीप लामिछानेलाई जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साहले चेक हस्तान्तरण गर्दै । तस्बिरःनिरञ्जनकुमार साह*

# पार्टी एकताका लागि धमाधम कार्यदल

**मधेशदृष्टि**
**काठमाडौं ।**
जनमत पार्टीले मधेश केन्द्रित दलहरुबीच मोर्चाबन्दी गर्न दुई सदस्यीय कार्यदल गठन गरेको छ । कार्यदलमा पार्टीका केन्द्रीय उपाध्यक्ष अब्दुल खान र प्रवक्ता डा. शरदसिंह यादव रहेका छन् ।
मधेश केन्द्रित दलहरुबीच संवाद र सहकार्यको पहल गर्न कार्यदल गठन गरिएको पार्टीले विज्ञप्तिमार्फत उल्लेख गरेको छ । पार्टीको केन्द्रीय सचिवालय समितिको निर्णयानुसार मधेश केन्द्रित दलहरुबीच मोर्चाबन्दीका लागि कार्यदलको जिम्मेवारी तोकिएको हो । पछिल्लो समय संविधान संशोधनको विषयवस्तु उठिरहेको सन्दर्भमा मधेश केन्द्रित दलहरुको साझा धारणा बनाउने क्रममा सहमतिको पहलका लागि कार्यदल गठन गरिएको पार्टीले जनाएको छ ।
यसअघि आइतबार लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले कार्यगत एकता एवम् राजनीतिक मुद्दा र सिद्धान्त मिल्नेहरुसँग पार्टी एकीकरणका लागि समिति गठन गरेको थियो । समितिमा संयोजक जितेन्द्र सोनल छन् ।
यस्तै, मधेश केन्द्रित दलहरु आपसमा संवाद र सहकार्य गर्न छलफलमा व्यस्त छन् । यी पार्टीहरुका नेताहरुबीच विमर्श र बैठकहरु शुरु भएका छन् । तमलोपाले यस प्रयोजनको लागि गतवर्ष साउन २४ गते अन्तरपार्टी संवाद र विचार मिल्ने पार्टीहरुसंग सहकार्यको वातावरण बनाउन कार्यदल गठन गरिसकेको हो ।
तमलोपाका प्रचार विभाग प्रमुख उमेश कुमार मण्डलले तमलोपाको वरिष्ठ नेता डा. विजय कुमार सिंहको संयोजकत्वमा गठन भएको रविशंकर लाल कर्ण(सुभाष) तथा बिभा ठाकुर रहेको कार्यदल नै संवाद र सहकार्यको निमित्त हुने विमर्शमा पार्टीको प्रतिनिधित्व गर्ने बताए ।

# मधेशको उपेक्षा गरेर देशको समृद्धि असम्भव

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले तराई मधेशको उपेक्षा गरेर देशको समृद्धि असम्भव रहेको बताएका छन् । धनुषाको जनकपुरधाममा आयोजित पार्टी प्रवेश कार्यक्रममा उनले ठूला भनिने दलहरूले तराई मधेशलाई केबल भोट बटुल्ने माध्यमका रूपमा प्रयोग गरेको तर विकास र महत्त्वपूर्ण आयोजनामा प्राथमिकता नदिएको आरोप लगाएका छन् ।
अध्यक्ष लिङ्देनले तराई मधेश देशको ठूलो जनसंख्या ओगट्ने क्षेत्र भएको र यसको विकासबिना समृद्ध नेपालको परिकल्पना अपूरो रहने बताए । ठूला दलहरूले क्षेत्रलाई मतपेटिकासम्म सीमित राखेको आरोप लगाउँदै उनले राप्रपाले तराई मधेश केन्द्रित कार्यक्रम अघि सार्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा सक्रिय युवा नेता रीतेश सिंहसहित थुप्रै नेताकार्यकर्ता राप्रपामा प्रवेश गरेका छन् । सिंहको आगमनले मधेशमा राप्रपाको संगठनलाई थप सशक्त बनाउने विश्वास लिइएको छ ।
हिन्दू राष्ट्र र राजसंस्थाको पुनस्र्थापनाको एजेन्डा बोकेको राप्रपाले हिन्दूत्व र सनातन धर्मको प्रवर्धनलाई प्राथमिकतामा राख्दै देशव्यापी अभियान चलाइरहेको छ । सिंहले हिन्दू धर्ममाथि भइरहेका आक्रमणको प्रतिवाद गर्दै धार्मिक सहिष्णुता र सनातन परम्पराको रक्षा गर्न प्रतिबद्धता व्यक्त गरे ।




## शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सिरहा, मधेश प्रदेश, नेपाल**

# कृषि मन्त्रालयका तत्कालीन सचिवसहित आठविरुद्ध भ्रष्टाचारको मुद्दा



**कसुरदारहरु (पूरा बिगो र कारबाही)**
१. तत्कालीन सचिव डा. नम्रता सिंहः एक करोड रुपैयाँ
२. कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डलः एक करोड रुपैयाँ
३. मन्त्रालयका सहलेखापाल ब्रजेकुमार साहः एक करोड रुपैयाँ
४. कृषि फार्मका सञ्चालक लक्ष्मीनारायण यादवः एक करोड रुपैयाँ

**मतियारहरु (आधा बिगो र कारबाही)**
१. मन्त्रालयका तत्कालीन पशु चिकित्सक रञ्जितकुमार अधिकारीः ५० लाख रुपैयाँ
२. मन्त्रालयका तत्कालीन पशु चिकित्सक रञ्जितकुमार अधिकारीः ५० लाख रुपैयाँ
३. कृषि प्रसार अधिकृत अविनाशकुमार झाः ५० लाख रुपैयाँ
४. तत्कालीन कृषि अर्थविज्ञ विकासकुमार साहः ५० लाख रुपैयाँ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिव डा. नम्रता सिंहसहित आठ जना र एउटा कृषि फार्मविरुद्ध गैरकानूनी लाभ तथा हानी पु¥याई भ्रष्टाचार गरेको भन्दै विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ ।
आव २०७९–८० मा मन्त्रालयका खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवद्र्धन महाशाखा प्रमुख एवम् कृषि ज्ञान केन्द्र, धनुषाका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञले सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको रकममा भ्रष्टाचार गरेको भन्दै मुद्दा दायर भएको हो । दायर भएको मुद्दामा नक्कली बिल भर्पाइका आधारमा भुक्तानी दिएको र 'स्पेसिफिकेसन' अनुसारको सामान खरिद नगरेका भनिएको छ ।
अख्तियारमा उजुरी परेपछि अनुसन्धान हुँदा मन्त्रालयको सहकार्यमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमका लागि वरिष्ठ कृषि अर्थविज्ञको संयोजकत्वमा गठन भएको प्रस्ताव छनौट समितिले कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, महोत्तरीबाट प्राप्त प्रस्तावको सूची बनाउने गरी विसं २०७९ पुस ५ गते नै निर्णय भई सूचनामा निर्धारित समयभित्र प्रस्ताव पेस नगर्ने कुनै पनि फर्म, कम्पनी वा व्यक्ति मन्त्रालयको सहकार्यमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमका लागि सहभागी हुन नपाउने कानुनी प्रावधान थियो ।
सूचीमा समावेश हुन नसकेको, निर्धारित समयमा प्रक्रियामा संलग्न नै नरहेको युवरानी मत्स्य तथा कृषि फार्म, औरही–३, महोत्तरीलाई सहभागी गराउनु भनी तोक आदेश गर्ने, प्रस्तावको सूचीमा समावेशको निर्णय गर्ने, एकापसमा मिलेमतो गरी कृषि फार्मको एउटा मात्र प्रस्तावको लागि मिति २०७९ माघ १० गते पुनः बैठक बसी प्रारम्भिक सूचीमा समावेश गर्ने गरी छनौट गरेको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।
आव २०७९–८० मा मन्त्रालयबाट सञ्चालित सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमअन्तर्गत अनुदानग्राही कृषि फार्म र मन्त्रालयबीच २०७९ चैत २९ को कार्यक्रम सम्झौतामा दोस्रो पक्षको दायित्व रकम एक करोड ४७ लाख ८४ हजार रुपैयाँ हुने र यही दायित्व बराबरको बैंक ग्यारेन्टी प्रथम पक्षसमक्ष पेस गरेपछि प्रथम पक्षले खरिद प्रक्रिया अगाडि बढाउनेछ भन्ने उल्लेख भएको जनाइएको छ । लाभग्राही कृषि फार्मले पेस गरेको 'स्पेसिफिकेसन' को लागत अनुमानलाई कुनै तुलना वा जाँच नगरी स्वीकृत गरेको पाइएको प्रवक्ता घिमिरेले बताए ।
एक वर्ष एक महिनाको म्याद भएको ११ लाख ३२ हजार रुपैयाँको बैंक ग्यारेन्टीसहित सम्झौता गर्न आउन पत्राचार गरेकामा बैक ग्यारेन्टीबिना नै मिति २०८० असार १० गते सम्झौता गरेको, सम्झौता गरेको मितिभन्दा तीन दिनपछि ११ लाख रुपैयाँको बैंक ग्यारेन्टी पेस गरेकामा बैंकबाट जारी भए–नभएको यकिन नै नगरी ३२ हजार रुपैयाँ घटीको नक्कली बैंक ग्यारेन्टी स्वीकार गरेको अख्तियारको अनुसन्धानमा देखिएको हो । अनुदान रकम

*बाँकी पृष्ठ २ मा*

# सात महिनामै प्रमुख जिल्ला अधिकारीको सरुवा

**मधेशदृष्टि**
**सर्लाही ।**
गृह मन्त्रालयले ११ सहसचिव र एक उपसचिवको एकैपटक सरुवा गरेको छ ।

गृह मन्त्रालयले सर्लाहीका प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारीसहित ११ जना सहसचिवको सोमबार सरुवा गरेको हो ।

मन्त्रालयले सर्लाहीका प्रमुख जिल्ला अधिकारी अधिकारीको जिल्ला प्रशासन कार्यालय झापा सरुवा गरेको गृह मन्त्रालयका सूचना अधिकारी दिल कुमार तामाङले जानकारी दिए ।

उनका अनुसार जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रको जिल्ला प्रशासन कार्यालय सुनसरी, जिल्ला प्रशासन कार्यालय सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीलाई गृहमन्त्रालय, गृहमन्त्रालयका सहसचिव गोगन बहादुर हमालको जिल्ला प्रशासन कार्यालय कैलाली, गृहमन्त्रालयका सहसचिव तुलसीबहादुर श्रेष्ठको जिल्ला प्रशासन कार्यालय सर्लाही, जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद भट्टराईको गृहमन्त्रालय, जिल्ला प्रशासन कार्यालय झापाका प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बाँस्तोलाको गृहमन्त्रालय, गृहमन्त्रालयका सहसचिव इन्द्रदेव यादवको जिल्ला प्रशासन कार्यालय मोरङ, जिल्ला प्रशासन कार्यालय काठमाडौँका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यको गृहमन्त्रालय, गृहमन्त्रालयका सहसचिव एवम् प्रवक्ता ऋषिराम तिवारीलाई जिल्ला प्रशासन कार्यालय काठमाडौँ, जिल्ला प्रशासन कार्यालय सल्यानका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीको गृहमन्त्रालय र जिल्ला प्रशासन कार्यालय दाङकी सहायक प्रमुख जिल्ला अधिकारी साविता पुनको जिल्ला प्रशासन कार्यालय सल्यान सरुवा भएको छ ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारीको सात महिनामै सर्लाहीबाट सरुवा भएको हो ।

सर्लाहीका प्रमुख जिल्ला अधिकारीको सर्लाहीका क्रसर उद्योगमाथि कडाई गरेका कारण सातै महिनामा सरुवा भएको केही स्थानीय जानकारले बताए । जिल्लास्तरीय अनुगमन समिति र उपसमितिले करिब एकसाता पहिले सर्लाहीका १४ वटा क्रसर उद्योगलाई पत्र बुझाएर मापदण्ड नपुगेको भन्दै बन्द गराएको थियो ।

# सालको काठसहित तीन जना पक्राउ



**मधेशदृष्टि**
**सर्लाही ।**
ईश्वरपुर नगरपालिका–१२ स्थित फुलजोर बाबा साझेदारी वन व्यवस्थापन समूह क्षेत्रबाट व्यापक मात्रामा सालको काठ तस्करी हुने गरेको पाइएको छ । डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीको वन गस्ती टोलीले ईश्वरपुर नगरपालिका–१२ स्थित साझेदारी वन क्षेत्रबाट १३ थान सालको गोलियासहित एउटा पिकअप भेन नियन्त्रणमा लिएपछि साझेदारी वन क्षेत्रबाट व्यापक मात्रामा काठ तस्करी हुने गरेको रहस्य बाहिरिएको हो ।

विशेष सुराकीका आधारमा डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीका सहायक वन अधिकृत हिरोहित चौधरीको नेतृत्वमा खटिएको वन गस्ती टोलीले सोमबार बिहान करिब साँढे १ बजे बा२च ३२६४ नम्बरको पिकअप भेनमा लोड गरिएको छ थान र काटेर लोड गर्न तयार गरिएको सात थान गरी कुल १३ थान ८८ दशमलव ८८ क्युविकफिट सालको गोलिया सहित तीन जनालाई नियन्त्रणमा लिएको डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीका प्रमुख एवम डिभिजन वन अधिकृत सन्तोष कुमार झाले जानकारी दिए ।

पक्राउ परेकाको विवरण डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीले नखुलाएको भए पनि छिमेकी जिल्ला महोत्तरीको गौशाला नगरपालिका–१२, कान्तिबजारका अन्दाजी वर्ष ४३ का रामधनी महतो, अन्दाजी वर्ष १९ का प्रदीप कुमार सिंह कुशवाहा र अन्दाजी वर्ष ४२ का शन दिलिप कुमार महतोलाई वनकर्मीहरुको टोलीले नियन्त्रणमा लिएको छ । नियन्त्रणमा रहेकाले आफूहरुले यसअघि पनि यस क्षेत्रबाट काठ लगेको र लगिएको काठ महोत्तरीकै गौशाला नगरपालिका–१२, कान्तिबजारका देव नारायण महतोका छोरा राजे महतोलाको रहेको बताए ।

नियन्त्रणमा लिइएको काठ, पिकअप भेन र आरोपीलाई डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीको नियन्त्रणमा राखेर आवश्यक अनुसन्धान शुरु गरिएको डिभिजन वन कार्यालय लालबन्दी सर्लाहीका सूचना अधिकारी एवम सहायक वन अधिकृत चौधरीले बताए ।

# कुशवाहा समाजको नगर समिति



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल कुशवाहा कल्याण समाजको जनकपुरधाम उपमहानगरपालिका कार्यसमिति गठन भएको छ ।

अध्यक्षमा राजीव महतो, उपाध्यक्षमा मोहनलाल महतो र प्रमिलादेवी महतो चयन भएका छन् ।

सचिवमा विनोद महतो, सहसचिवमा किशोरकुमार महतो, कोषाध्यक्षमा अजय महतो चयन भएका छन् । त्यसैगरी पुनमकुमारी, पुनम सिंह, भुवन महतो, बेचन महतो, जयकिसुन महतो सदस्यमा चयन भएका छन् ।

# प्रजातन्त्र सेनानीको पहिलो अधिवेशन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रामभरत साहको अध्यक्षतामा नेपाल प्रजातन्त्र सेनानी मधेश प्रदेशको पहिलो महाधिवेशन भएको छ । प्रमुख अतिथि पूर्व उपप्रधानमन्त्री बिमलेन्द्र निधि रहेको कार्यक्रमका वक्ताहरुले निरंकुश राजतन्त्र अन्त्य गरी लोकतन्त्र स्थापनामा शहीद दुर्गानन्द झा, महेन्द्रनारायण निधि, रामनारायण मिश्रलगायतका प्रजातन्त्र सेनानीको योगदानलाई स्मरण गरेका थिए ।

उनीहरुले नेपालले पनि भारतले जस्तै प्रजातन्त्र सेनानीलाई पेन्सन र अन्य सुविधा दिन माग गरे । कार्यक्रममा प्रजातन्त्र सेनानीहरुलाई सम्मान गरिएको थियो । कार्यक्रममा केन्द्रीय अध्यक्ष बालकृष्ण दाहाल, सांसद मुक्ताकुमारी यादव, पूर्व सांसद चन्द्रमोहन यादव, नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्णकुमार यादव, पूर्वमन्त्री रामसरोज यादव, सांसद रामकृष्ण यादव, सांसद रामसरोज यादव, वीरेन्द्र सिंह, नेपाली कांग्रेस धनुषा सभापति योगेन्द्र पंजियार, महोत्तरी सभापति नागेन्द्र यादव, जनकपुरधामका नगर प्रमुख मनोजकुमार साह, प्रमोदकुमार श्रीवास्तव लगायतकाले सम्बोधन गरेका थिए ।





**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**पोखरिया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पर्सा, मधेश प्रदेश, नेपाल**


# वन्यजन्तुको आक्रमणबाट ८३ को मृत्यु

**काठमाडौँ ।**
नेपालमा चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्म वन्यजन्तुको आक्रमणबाट ८३ जनाले ज्यान गुमाएका छन् । यस्तै, जनावरको आक्रमणबाट पाँच सय ९९ जना घाइते भएका प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले तीमध्ये सबैभन्दा बढी सर्पले डसेर मृत्यु तथा घाइते भएका बताए । उनका अनुसार सर्पले डसेर मात्रै ७० जनाको मृत्यु भएको छ भने पाँच सय ३२ जना घाइते भएका छन् ।

यस्तै, गैंडाको आक्रमणबाट चारको मृत्यु र १४ जना घाइते तथा बाघको आक्रमणबाट तीनको मृत्यु र २४ जना घाइते भएका छन् ।

हात्तीको आक्रमणबाट छको मृत्यु र १४ जना घाइते तथा भालुको आक्रमणबाट १५ जना घाइते भएका पनि प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

मुख्यगरी निकुञ्ज आसपास क्षेत्रका बस्तीमा वन्यजन्तुको आक्रमण हुने गरेको छ । जङ्गलमा घाँस दाउरा लिन र जङ्गली तरकारी खोज्न जाँदा वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु भएको जनाइएको छ । पछिल्लो समयमा भने बस्तीमै प्रवेश गरी वन्यजन्तुले हानी पु¥याउने गरेका छन् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका प्रवक्ता वेदकुमार ढकालले आहाराको खोजी र विभिन्न कारणले बस्तीमा प्रवेश गर्ने वन्यजन्तु नियन्त्रणका लागि निकुञ्जले काम गरिरहेको बताए ।

पछिल्लो २४ घण्टामा पनि जनावरको आक्रमणका घटना भएका छन् ।

जङ्गली हात्ती बस्तीमा प्रवेश गरी मोरङको सुन्दरहरैचा नगरपालिकामा दुई जनाको घर भत्काएर खाद्यान्न खाइदिएको र दमकमा पनि हात्तीले एक घर भत्काएको प्रहरीले जनाएको छ । यस्तै बर्दिया, रौतहट र पाल्पामा पनि जङ्गली जनावरले घर तथा बाली नष्ट गरेको छ । भालुले आक्रमण गर्दा पाल्पामा एक जना घाइते भएका प्रहरी प्रवक्ता अधिकारीले जानकारी दिए । रासस

# कृषि मन्त्रालयका तत्कालीन सचिवसहित आठविरुद्ध...

भुक्तानीका लागि सामान खरिद गरेको दुई करोड २६ लाख ४० हजार रुपैयाँको बिललगायत कागजात कृषि फार्मले २०८० असार १५ गते पेस गरेकामा बिलमा मूल्य अभिवृद्धि कर अस्वाभाविकरूपमा कम उल्लेख भएको पाइएको अख्तियारले जनाएको छ । भुक्तानीका लागि निवेदन पेस गरेकाभन्दा पछि २०८० असार १८ र १९ मा पेस गरेको भन्सार प्रज्ञापनपत्रमा यो कुरा स्वीकार गरिएको अनुसन्धानक्रममा भेटिएको अख्तियारले जिकिर गरेको छ ।

शङ्करप्रसाद साहसमेतको भ्रमण टोलीले स्थलगत भ्रमण गरी पेस गरेको भ्रमण प्रतिवेदनमा कृषि फार्मको अनुगमन गर्दा दाना उद्योग विस्तारको लागि आवश्यक यन्त्र जडान गरिरहेको तर यन्त्र यकिन गर्न सकिने अवस्थामा नरहेको व्यहोरा उल्लेख गर्नुका साथै प्राविधिक ‘स्पेसिफिकेसन’ को ‘भेरिफिकेसन’ प्रतिवेदनमा कतिपय उपकरणमा क्षमता प्रमाणित गरिएको छैन भन्ने उल्लेख हुँदाहुँदै कार्यसम्पन्न प्रतिवेदन तयार गरी सोही वर्षको असार २२ गते अनुदान रकम भुक्तानीको लागि टिप्पणी पेस गरी भुक्तानी आदेश स्वीकृत गरी–गराई सोही असार २३ गते अग्रिम आयकर कट्टा गरी ९६ लाख ६९ हजार ३ सय ३६ रुपैयाँ भुक्तानी गरेको देखिएको छ ।

बैंक ग्यारेन्टीबिना नै सम्झौता गरी त्यसअनुसार कार्यसम्पन्न नहुँदै काम सकिएको प्रतिवेदन तयार गरी, लाभग्राही फार्मले अनुदानमा प्राप्त हुने मेसिनरी औजार तथा उपकरण खरिद नै नगरी पहिलाको सामानलाई अनुदान लिने उद्देश्यले भन्सार प्रज्ञापन पत्रको मिति र निर्यातकर्ताको विवरण सच्याइ सामान नै नल्याई ल्याएको नक्कली प्रज्ञापनपत्र तथा खरिद प्रक्रियामा आवश्यक पर्ने बैंक ग्यारेन्टीका नक्कली कागजात तयार गरी–गराई सरकारी कोषबाट एक करोड रुपैयाँ भुक्तानी दिएको अख्तियारको आरोप छ ।

मन्त्रालयका तत्कालीन सचिव सिंहलाई एक करोड रुपैयाँ बिगोसहित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय ङ बमोजिमको कसुरमा सजाय माग दाबी गरिएको अख्तियारले जनाएको छ ।

मन्त्रालयका तत्कालीन वरिष्ठ कृषि अर्थ विज्ञ तथा कृषि ज्ञान केन्द्र धनुषाका कार्यालय प्रमुख (सहकार्य प्रस्तावमा आधारित कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमका संयोजक) साहलाई पनि एक करोड रुपैयाँ, मन्त्रालयका कृषि प्रसार अधिकृत अमरचन्द्र मण्डल, मन्त्रालयका सहलेखापाल ब्रजेकुमार साह, कृषि फार्मका सञ्चालक एवम् अध्यक्ष लक्ष्मीनारायण यादवसँग पनि एक–एक करोड रुपैयाँ बिगोसहित भ्रष्टाचार निवारण ऐनबमोजिम कसुरमा सजाय माग दाबी गरिएको छ ।

मन्त्रालयका तत्कालीन पशु चिकित्सक रञ्जितकुमार अधिकारी, कृषि प्रसार अधिकृत अविनाशकुमार झा र कृषि विकास निर्देशनालय मधेश प्रदेशका तत्कालीन कृषि अर्थविज्ञ विकासकुमार साहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (ङ) मतियारको कसुरमा दफा २२ बमोजिम मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुन माग दाबीसहित आरोपपत्र दायर गरिएको प्रवक्ता घिमिरेले बताए ।

# रौतहटमा जंगली हात्ती आत्तंक



*मधेशदृष्टि*
*वीरगंज ।*
*जिल्लामा जंगली हात्तीले आत्तंक मच्चाएको छ । जिल्लाको गुजरा नगरपालिका वडा नम्बर ३ स्थित जंगलसहिया पशुपति टोलमा जंगली हात्तीले ६ वटा घरमा क्षति पु¥याएको छ । बिहान साढे दुई बजे आएको हात्तीले स्थानीय अर्जुन शाही ठकुरी, रामकुमार शाही ठकुरी, श्याम बहादुर महरा, पूर्ण बहादुर महरा, भुटा महरा र हरेन्द्र पासवानको घरमा क्षति पुऱ्याएको स्थानीयहरुले बताएका छन् । यद्यपि मानवीय क्षती नभएको प्रहरी चैकी हरिनगर पोखरभिण्डाका प्रमुख प्रहरी सहायक निरीक्षक हलचल मिँयाले बताए । पछिल्लो समय जंगली जनावरको आतंक बढ्दै गएको छ । यसले जंगल नजिकका रहेका स्थानीय बासिन्दाहरुमा त्रासको वातावारण सृजना भएको छ ।*



**धुवाँमुक्त नगर अभियान:** रौतहटको परोहा नगरपालिकाका नगर प्रमुख शेख वकिल नगरपालिकालाइ धुवाँमुक्त बनाउने उद्देश्यले सोमबार चुल्हो सहितको ग्यास सिलिण्डर वितरण गर्दै । चुनावी घोषणा पत्रअनुसार नगरपालिकामा आठ हजार घरपरिवारलाइ चुल्हो सहितको ग्यास सिलिण्डर वितरण गर्ने उनले जानकारी दिएका छन् । तस्बिरः रमेश तिमलसिना/रासस

# बाली जोगाउन रातभरि जाग्राम

जंगलको सीमासँग जोडेका किसानहरुले जंगली जनावरहरुबाट बाली जोगाउन रातभरि जाग्राम बस्नु परेको गुनासो गरेका छन् । पर्साको पश्चिमी उतरी क्षेत्रमा रहेका जीराभवानी गाउँपालिकाका सखुवनीया, हरैया, काठमाडौँ टोल, शान्तिनगर तथा ठोरी गाउँपालिकाका क्षेत्रीलाईन, गडुवालाईन लगायतका किसानहरु जंगली जनावरहरुबाट पीडित छन् । त्यस्तै पटेर्वासुगौली गाँउपालिकाका भथौडा, भाथा, रंगपुर, सोनबर्षा, सखुवाप्रसौनी गाँउपालिकामा पर्ने औराहा, छतिवन, अकवनिया लगायतका किसानहरु जंगली जनावरबाट बाली जोगाउन समस्यामा परेका गुनासो गरेका छन् । पर्सा राष्ट्रिय निकुञ्ज तथा राष्ट्रिय जंगलबाट आएका चित्तल, हरिण, निलगाई, घोडगद्हा, बदेल, भालू, शाही, मयूर लगायतका जनावरहरुले किसानका बाली नष्ट गर्दै आएका जिराभवानी गाउपालिका वडा नं.–५ सखुवनीया निवासी किसान सुदामा महतो कम्कडले बताए ।

दर्जनौको संख्यामा आउने जंगली जनावरहरुले गहुँ, आलू, तोरी लगायतका बालीमा क्षति पु¥याएको कम्कडले बताए । यी जंगली जनावरहरुबाट बाली जोगाउन किसानहरुले रुखमा मचान तथा जमिन मै झोपडी बनाई बाली जोगाउन रातभर जाग्राम बस्ने गरेका कम्कडको भनाई छ । खेती गरेका करिब तीन दर्जन भन्दा बढी किसानहरुले राती जंगली जनावरहरु बथान खेतमा आउँदा हो हल्ला तथा टिन ठव्याउदै धपाउने गरेको जीराभवानी गाँउपालिका वडा नं.–५ हरैया निवासी जलकपूर राउत थारुले बताए । रातभर एउटा टर्च र लोरो लिएर घुरको आगो ताप्दै ज्यान जोखिममा पारेर बाली जोगाउनु परेको थारुले दुखेसो पोखे ।

# तीन महिनामा एक सय ९२ फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**तिलाठी ।**
पछिल्लो तीन महिनामा सप्तरी प्रहरीले एक सय ९२ फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालयले सोमबार पत्रकार सम्मेलन गर्दै गत असोज १७ देखि यही पुस २२ गतेसम्मको प्रगति विवरण सार्वजनिक गरेको हो । फैसला कार्यान्वयनका क्रममा पक्राउ गरिएका उनीहरूबाट ३३ वर्ष ११ महिना सात दिन कैद तथा पाँच लाख ९९ हजार रुपैयाँ जरिवाना भुक्तान गराउन अदालतलाई बुझाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । यसैगरी, एक सय २१ जनाको म्याद थप गरी अनुसन्धान अघि बढाइएको उनले बताए । यस अवधिमा भन्सार छली गरी ल्याउँदै गरेको ७० लाख ७२ हजार रुपैयाँ बराबरको समान तथा उक्त कार्यमा संलग्न आठ जनालाई भन्सार कार्यालयमा बुझाइएको छ । यसैगरी सो अवधिमा प्रहरीले दुई टन ६४ किलो गाँजा बरामद गर्नुका साथै सात जनालाई पक्राउ गरिएको प्रहरी उपरीक्षक खतिवडाले बताए । यस्तै लागुऔषध कारोबारमा संलग्न तीनजनालाई समेत पक्राउ गरिएको छ । यस अवधिमा एक सय ८५ सवारीसाधन दुर्घटना भएकामा सातजनाको मृत्यु तथा तीन सय ८४ जना घाइते भएका प्रहरीले जनाएको छ ।

# निर्माण सक्दा पनि सञ्चालनमा आएन हाटबजार सेड



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वासुगौली गाउँपालिका वडा नम्बर २ रङ्गपुरटाँडीस्थित भुमरीमाई (बुलबुले ताल) नजिक करोडौं रुपैयाँको लागतमा निर्माण भएको हाटबजार सेड निर्माण भएको ५ महीना बितिसक्दा पनि सञ्चालनमा आउन सकेको छैन ।
कृषि हाटबजार सेडको निर्माण कार्य गत असारमै सम्पन्न भएको थियो ।
संघीय सरकार र गाँउपालिकाको संयुक्त लगानीमा १ करोड रुपैयाँ बढीको लागतमा पक्की कृषि हाटबजार सेड निर्माण सम्पन्न गरिएको हो ।

रङ्गपुरटाँडीमा सडक फूटपाथमा हाटबजार साप्ताहिकरूपमा सोमबार र शुक्रबारका दिन लाग्ने गरेको छ । सडक फूटपाथमा हाटबजार लाग्दा ती दिनमा उक्त सडकखण्ड भएर आवतजावत गर्न समस्या हुने भएकोले पालिकाले रङ्गपुर बजारदेखि पाँच सय मिटर उत्तर भुमरीमाई मन्दिर नजिक पक्की हाटबजार सेड निर्माण गरेको हो ।
गाँउपालिकाका अध्यक्ष दिनेश चौधरीले भने संघीय सरकार र गाँउपालिकाको बजेटबाट एक करोड बढीको लागतमा पक्की हाटबजार सेड निर्माण भएको र त्यसमा बिजुली बत्ती जडान तथा स्तनपान कक्ष निर्माण गर्न बाँकी भएकोले सञ्चालनमा आउन नसकेको बताए । उनले माघ मसान्तसम्ममा निर्माण कार्य सम्पन्न गरेर सेड सञ्चालनमा ल्याइने बताए ।

# बहिरा तथा सुस्त श्रवण विद्यार्थीका खेलकुद मैदान

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको चन्द्रपुर नगरपालिका–६ मा अवस्थित जनज्योति माध्यमिक विद्यालयमा बहिरा तथा सुस्त श्रवण बालबालिकाका लागि खेलकुद मैदान निर्माण सम्पन्न गरी हस्तान्तरण गरिएको छ । चन्द्रपुरका नगरपालिकाका नगर प्रमुख सञ्जय काफ्लेका अनुसार छाया नेपाल नामक संस्थाले बहिरा तथा सुस्त श्रवण बालबालिकाका लागि आवश्यक खेलकुद पूर्वाधार तथा खेलकुद सामग्रीसहित उक्त खेलकुद मैदान निर्माणमा सहयोग गरेको हो । सो खेलकुद मैदानको निर्माण लागत कुल २५ लाख १३ हजार नौ सय ७७ रुपैयाँ रहेको छाया नेपालका मधेश प्रदेश संयोजक आशिषकुमार रायले जानकारी दिए । खेलकुद मैदान तथा करेसाबारीको सञ्चालन जनज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।

सो विद्यालयमा छात्राबासमा बसी अध्ययन गर्ने ५४ जना बहिरा तथा सुस्त श्रवण विद्यार्थीहरूले खेलकुद मैदानबाट सेवा लिन सक्ने विद्यालयले जनाएको छ ।

# छाडा कुकुरहरुका लागि अस्थायी घर



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १० कार्यालयले छाडा कुकुरहरुका लागी अस्थायी घरको व्यवस्था गरेको छ । वीरगंजका गल्ली तथा सडकहरुमा रहेका कुकुरहरुको बास बस्नका लागी अस्थायी घर निर्माण गरिएको हो वीरगंज महानगरपालिका वडा नम्बर १० का वडाध्यक्ष सुशील साह कानुले बताए । जाडो मौसममा मानिसलाई मात्र नभइ जिवजन्तुहरुलाई समेत प्रतिकुल असर पर्ने हुँदा उनीहरुलाई न्यानो प्रदान गर्ने उद्देश्यले विभिन्न स्थानमा कुकुर बस्ने घरहरूको व्यवस्था गरिएको उनले बताए । सोमबार वडाका विभिन्न सात स्थानमा प्लाष्टिकको ड्रम भित्र न्यानोका लागि जुटको बोराभित्र पराल भरेर कुकुरहरुलाई बस्ने व्यवस्था गरिएको वडाध्यक्ष कानुले बताए । उनले सडकमा बेवारिसे अवस्थामा रहेका कुकुरहरुलाई चिसोबाट जोगाउन डग हाउस निर्माण गरेर ठाँउ ठाँउमा राखिने तयारीमा आफहरु जुटेको बताए ।

त्यसका लागि दाताहरुबाट सहयोग आउने क्रम जारी रहेको वडाअध्यक्ष कानुको भनाई छ । उनका अनुसार वडा नम्बर १० मा मात्रै २ सय भन्दा बढीको संख्यामा सडक कुकुर रहेका छन् ।

# चन्द्रनिगाहपुरबाट दुई चोरी आरोपी पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको उत्तरी क्षेत्र चन्द्रनिगाहपुरबाट दुई जनालाई चोरीको आरोपमा प्रहरीले पक्राउ गरेको छ । चन्द्रपुर नगर क्षेत्रमा भएका विभिन्न चोरी र लुटपाटका घटनामा संलग्न रहेको आशङ्कामा उनीहरूलाई पक्राउ गरी अनुसन्धान शुरु गरिएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ । डिएसपी राजकुमार राईका अनुसार पक्राउ परेका व्यक्तिहरू चन्द्रपुर–४ का २२ वर्षीय मिलन विश्वकर्मा र २५ वर्षीय संजय सिंह हुन् । उनीहरूमाथि चोरीसम्बन्धी मुद्दा दायर गरी अदालतबाट म्याद थप गरिएको छ । अनुसन्धानको क्रममा उनीहरुले विभिन्न समयमा राति र दिनको समयमा घरभित्र पसेर चोरी गर्ने गरेको स्वीकार गरेका छन् । प्रहरीले थप विवरण संकलन गर्न र अन्य सम्भावित संलग्नताबारे अनुसन्धान अगाडि बढाएको जनाएको छ । चोरी र लुटपाट नियन्त्रणका लागि प्रहरीले चन्द्रपुर क्षेत्रमा निगरानी थप कडा बनाएको डिएसपी राईले बताए । पक्राउ परेका आरोपीहरूमाथि कानुनी कारबाही प्रक्रिया जारी रहेको छ ।

# लागू औषध सेवन गरी सवारी चलाउने दुइ जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
लागू औषध सेवन गरी सवारी चलाएको आरोपमा दुइ जना पक्राउ परेका छन् । मकवानपुरको भिमफेदी गाउँपालिका वडा नम्बर १ बाघझोराबाट उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय र जिल्ला जनस्वस्थ्य कार्यालय मकवानपुरको टोलीले हेटौँडा–भैसे सडकखण्डमा गुड्ने सवारीका ५२ जना चालकहरुलाई चेकजाँच गरेको थियो । सोही क्रममा सर्लाहीबाट काठमाण्डौंतर्फ जाँदै गरेको ना १ ज ४६१९ र काठमाण्डौंदेखि हेटौँडाका लागि छुटेको ना १ ज ७०२८ नम्बरको सुमो चालकहरुले लागू औषध तथा मादक पदार्थ सेवन गरी सवारी चलाएकोले नियन्त्रणमा लिइएको हो । पक्राउ पर्नेमा सर्लाहीको बरथहवा नगरपालिका–८ बस्ने ३२ वर्षका फेमस खड्का र मकवानपुर हेटौँडा–८ बस्ने ३६ वर्षका धश्रीसुजन गुरुङ रहेका मकवानपुरका डिएसपी श्यामु अर्यालले जानकारी दिए । पक्राउ परेकाहरुमाथि आवश्यक कानूनी प्रक्रिया अघि बढाइएको उनले बताए । लागू औषध तथा मादक पदार्थ सेवन गरी सवारी चलाउँदा हुने गरेका दुर्घटना र क्षति न्यूनिकरण गर्ने उद्देश्यले यो अभियान नै सुरु गरिएको प्रहरी बताउँछ । प्रहरीका अनुसार यो अभियान निरन्तर चल्नेछ ।

सम्पादकीय

# मधेश सरकारमा देखिएको तरंग

*नेपाली राजनीतिमा सिके राउत मधेशबाट देशका लागि उदाएका राष्ट्रिय अनुहार हुन् । शुरुमा उनले बिछट्टै गाली गरे । सायद लोकप्रियताको बजारु अनुहारमा आफूलाई समेट्नु थियो । देश विखण्डनका कुरा पनि नउठाएका होएनन् । स्वराज अभियानका नाममा उनले केन्द्रका पहाडी रंगका गहुँगोरो शासकहरुलाई पनि तर्साए । मधेशका शासकहरु पनि वश सत्तामा पुग्नेहरुलाई भरेङमा सीमित भए भनेर मज्जैले थर्काए । र त, २०७९ को केन्द्र र प्रदेशको निर्वाचनमा सिके राउतको पार्टी जनमतले राष्ट्रिय पार्टीको 'पाइजामा' पनि पायो । यति मात्र होइन, हामी दुई ठूला दल मिलेपछि देशमा हुने नहुने सबै हुन्छ भन्ने घमण्डको च्यादर ओढिरहेको नेपाली कांग्रेस र नेकपा एमालेले पनि जनमत पार्टीलाई मधेश सरकारको सत्ता दियो । अहिले मधेशमा जनमतको मुख्यमन्त्री छन् । तर केही दिनअघि मात्रै जनमत सुप्रिमो डाक्टर सिके राउतको मेटापेजबाट ८ बुँदा सार्वजनिक भयो । जसमा भनिएको छः 'मधेशमा कांग्रेस एमालेले नै जनमतका मुख्यमन्त्रीलाई असहयोग गरे । कांग्रेस अर्थमन्त्री सबैभन्दा समस्या बने । जनमतको सरकार लोकप्रिय हुनबाट रोकियो । सरकारमा बसेर काम गर्ने वातावरण नै छैन ।' हो, यति भनेपछि मधेशमा सरकार के हो–के हो भनेर चर्चा शुरु भएको छ ।*

*डाक्टर सिके राउतको स्वभावै यस्तै छ कि, अंग्रेजीमा एउटा शब्दावली छः इन्टेसन सिकर । हो, जनताले सुन्दा बहुत मीठो देखिने तर भित्रभित्रै निहीत स्वार्थका लागि प्रयोग हुने । यस्तै छवि छ जनमतका सुप्रिमो डाक्टर सिके राउतको । उनी जे भन्छन्, कार्यकर्ताले हो मा हो लगाइदिन पर्छ । जनताले पत्याइदिन पर्छ । नयाँ विकल्पको पार्टी भएकाले यो राम्रो पनि थियो । तर परीक्षणकालमा देखिन्छः यो वश नियतवश भुलभुलैयामा राजनीतिक गाडा दौडाउने मक्सद मात्र हो । केन्द्र सरकारलाई समर्थन दिएर प्रदेश सरकारको मठाधीश भएको पार्टीले देशका दुई ठूला पार्टीलाई फेसबुकमै गाली गर्न पाइन्छ कि पाइन्न ? अर्कातिर यतिधेरै गाली गरेपछि अब प्रदेश सरकारलाई कांग्रेस एमालेको साथ चाहिन्छ कि चाहिन्न ? प्रश्नैप्रश्नको भकारी बनेका छन् सिके राउत र उनको जनमत पार्टी । आठवटा बुँदामा जनमत पार्टीले मधेशको सत्ताका मुखिया सतिश कुमार सिंहलाई असहयोग भएको भनेका छन् । अरुले भनेका होइनन्, पार्टी अध्यक्षले । यस्तो कुरा गठबन्धन बैठकमा भन्नु पथ्र्यो कि सामाजिक सञ्जालमा ? राजनीतिक संस्कार नयाँ पार्टीले सिक्नु पर्छ कि पर्दैन ? कि मनमा लाग्नेबित्तिकै सामाजिक सञ्जालमा लेखेर जग हसाएपछि समस्या समाधान भइहाल्छ ? समस्या समाधान भयो कि अरु बढेर गयो ?*

*राजनीति गर्छु भनेर आएका दलहरुमा धैर्यता चाहिन्छ । धैर्यताका लागि परिपक्वता र सहनशीलता चाहिन्छ । उमेरमा ठूलो स्वर गरेपछि सबै समस्याबाट पार पाइन्छ भन्ने भ्रमबाट नयाँ भनिएका सबै दलहरु मुक्त हुन नसकेको देखिन्छ । जनमत पार्टीले मधेशको सत्ता पाएपछि विकास बजेट खर्चै गर्नसकेको छैन । मधेश प्रदेशका अर्थमन्त्री सुनील यादवलाई समस्याका रुपमा प्रस्तुत गरेको जनमत सरकारले लुकाएको विषय होः कामको जिम्मा लिने विषयमा देखिएको समस्या । स्वस्थ प्रतिस्पर्धाबाट काम दिने भन्ने जनमतको निर्णयले नै मधेशमा समस्या भइरहेको हो ।*

*यसलाई सच्याउन पनि मधेश प्रदेश सभा बैठक आह्वान भएको छ । मधेश प्रदेश सभा बैठक आह्वान गरेको प्रमुख प्रतिपक्षी दल जनता समाजवादी पार्टी नेपालले बाँकी धेरै कुरा मंगलबारदेखि भन्दै जानेछ । तर यहाँ त जनमत सरकारलाई काँध हालेर बसेका नेपाली कांग्रेस र नेकपा एमालेले नै यो सरकार बोक्न नसकिने हो कि, यही सरकारका कारण आफूहरु पनि अलोकप्रिय हुनु पर्ने हो कि भनेर चिन्तन गरिरहेका छन् । व्यक्ति नै तोकेर अर्थमन्त्रीले समस्या पारे भनेर मुख्यमन्त्रीको पार्टी फेसबुकमा रुन थालेपछि मधेशको राजनीतिमा उदाएको नयाँ शक्तिले मधेशी जनताको समस्याबाट उन्मुक्ति दिलाउन सक्ला र ?*

# महिनावारी विभेद अन्त्यका भएनन् प्रयास

ममता भट्ट

डडेल्धुरा सदरमुकामस्थित भीमदत्त बहुमुखी क्याम्पसमा बिबिएस तेस्रो वर्षमा अध्ययनरत बैतडीको पाटन नगरपालिका–१० कि लक्ष्मी भट्टलाई सदरमुकाम डडेल्धुरामा कोठा पाउन निकै कठिनाइ भएको छ ।

उनले केही दिन साथी र आफन्तको घरमा बसेर क्याम्पस आउजाउ गरे । कोठा खोज्दा अचेलका केटीहरूले महिनावारी भएको बेला बार्दैनन् भन्दै कोठा भाडामा दिन कोही तयार भएनन् ।

लक्ष्मी भन्छन्,'महिनावारीको बेला बार्ने र पानी माग्ने मान्छे भए मात्रै कोठा पाइन्छ भन्ने कुरा फैलिएको रहेछ । डडेल्धुरामा कोठा पाउन यति कठिनाइ भयो कि कतिपय दिन क्याम्पस जानै सकिन ।'

महिनावारीको कारणले गर्दा उनलाई पटकपटक कोठा सर्नुपरेको थियो । यस्ता बाध्यताका कारण क्याम्पसको नियमित पढाइ छोडेर घर फर्किनुपरेको उनले बताए । 'क्याम्पसमा पनि समस्या नै हुन्छ, प्याड फेर्ने ठाउँ हुँदैन', उनले आफ्ना पीडा पोखे ।

उनले आफ्नो घरमा पनि महिनावारीको विभेद भोगेका छन् । मर्यादापूर्वक महिनावारीको समय बिताउने अवसर नै उनलाई कहिल्यै मिलेको छैन । महिनावारीका समय आत्मसम्मानसहित सामान्य व्यवहार गर्नुपर्ने कुरा उनलाई थाहा छैन ।

नेपालको संविधानले शारीरिक अवस्थाका कारण कुनै प्रकारको भेदभाव नगर्न र समानताका हक सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हकको सुनिश्चित गरेको छ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगर्ने प्रावधान राखेको छ । तर, यो संवैधानिक प्रावधान केवल मीठा शब्दको भरमै सीमित भएको छ । लक्ष्मीजस्ता धेरै महिलाले अझै यसका फाइदाहरू अनुभव गर्न सकेका छैनन् ।

**आधार नै कमजोर**

डडेल्धुरा अस्पताल प्रदेशकै एकमात्र संघीय सरकार मातहतको अस्पताल हो तर यहाँ आउने सेवाग्राहीले मात्र हैन, कार्यरत महिला स्वास्थ्य कर्मचारीलाई समेत महिनावारीको समयलाई लक्षित गरेर कुनै पनि सेवा सुविधा छैन ।

बच्चाको उपचारको लागि दुई दिनदेखि अस्पतालमा बस्दै आएकी बझाङको बित्थडचिर गाउँपालिकाकी सुनिता धामी राति १० बजेतिर महिनावारी भइन् । अस्पतालको धेरै वार्डमा प्याड खोज्दा कतै पाएनन् ।

सानो बिरामी बच्चा काखमा च्यापेर अस्पतालको फार्मेसीमा प्याड किन्न गए, त्यहाँ पनि सकिएको छ, भन्ने जवाफ आयो । बच्चा बिरामी भएको पीर एकातिर, अर्कोतिर महिनावारी रगत थेप्ने प्याड समेत पाइएन' केही उपाय नचलेपछि बच्चालाई ओढाएको सल च्यातेर, प्याड बनाउनुपर्‍यो ।

सुनिता मात्रै हैन, यस्ता समस्या त दैनिक कतिले भोग्छन, कुनै तथ्याङ्क छैन । जहाँ सयभन्दा बढी महिला कर्मचारी कार्यरत छन्, दैनिक तीन सयभन्दा बढी बिमारी उपचारका लागि आउने गर्छन्, त्यो ठाउँमा समेत निःशुल्क महिनावारी प्याडको व्यवस्थापन गरिएको छैन । डडेल्धुरा अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सन्तोष गुप्ताले अस्पतालमा निःशुल्क महिनावारी प्याड राख्न नसकेको स्वीकार गरेका थिए ।

**जहाँ त्यहीँ महिनावारी विभेद**

भागेश्वर गाउँपालिका–१ की १७ वर्षीया यमुना गिरी महिनावारी भएको चार वर्ष भयो । १३ वर्षको उमेरदेखि महिनावारी हुन थालेकी यमुनालाई महिनावारी विभेदमा परेको बारेमा जानकारी छैन । उहाँ भन्छन्, 'मेरो दिदी, भाउजू, आमाले जसरी महिनावारी हुँदा बस्दै खाँदै आएका छन्, म पनि त्यही गरिराखेकी छु ।'

'कसले विभेद ग¥यो भन्नु । महिनावारीको बेला दूध दही खाँदैनन्, दाजु र बुबाको मुख हेर्दैनन् । पहिलोपटक महिनावारी हुँदा २२ दिनसम्म अलग बसेँ', उनले थपे, '२२ दिनसम्म अलग बसिरहेरको बेलामा दोस्रो पटकको पनि महिनावारी भएँ । त्यसपछि फेरि महिनावारी बस्ने समय थपियो । एकैचोटी ६३ दिनपछि घरमा आएको हो ।'

घरमा मात्रै होइन, विद्यालयमा पनि उनले विभेद भोगेका छन् । 'विद्यालयमा पनि समस्या छ नि ! एक महिनामा पाँच दिन विद्यालयमा प्याड कहाँ फेर्ने ? कहाँ फाल्ने, पेट दुखेमा के गर्ने भन्ने तनावमा बित्छ', उनले भने, 'पढाइमा ध्यान नै जान सक्दैन । कति पढाइ त छुटिरहेको हुन्छ ।'

शिक्षा तथा मानव विकास स्रोत केन्द्रको प्रतिवेदन २०८० अनुसार सुदूरपश्चिम प्रदेशमा कक्षा ९ देखि १२ सम्म भर्ना भएका एक लाख ८९ हजार आठ सय ९५ जना जम्मा विद्यार्थी छन् । यसमा ९७ हजार दुई सय पाँच छात्रामध्ये एक वर्षमा ९ देखि १० का २.४ प्रतिशत र ११ देखि १२ कक्षाका १.१ प्रतिशत छात्राले पढाइ छोड्ने गरेका छन् । तर, किन छात्राहरु पढाइ छोडिरहेका छन् ? के महिनावारीकै कारण छोडेका त होइनन् भन्ने विश्लेषण गरिएको छैन ।

**सरकारी कार्यालयमा समेत समस्या**

सामाजिक विकास कार्यालय डडेल्धुरामा प्राविधिक सहायक पदमा कार्यरत कमला भट्ट महिनावारी हुने दिन नजिकिएपछि झोलामा महिनावारी प्याड राख्ने गर्छन् । आफू महिनावारी हुने एक हप्ताअघिदेखि लक्षण थाहा हुने हुँदा बोकेरै जाने गरेको उनी बताउँछन् । कहिलेकाहीँ महिनावारी अनियमित भएपछि आफूलाई धेरै गाह्रो हुने र कोठामा गएर लुगा र महिनावारी प्याड फेरेर आउने गरेको उनी बताउँछन् ।

जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालयलगायत जुनसुकै सरकारी कार्यालयका महिला कर्मचारी र सेवाग्राहीलाई लक्षित गरेर महिनावारी प्याड राखिएको छैन ।

यसले गर्दा सरकारी कार्यालयमा सहजरुपमा सेवा प्राप्तिमा समस्या भइरहेको महिलाहरूको गुनासो छ । सरकारी कार्यालयमा महिनावारी प्याड उपलब्ध नहुँदा उनीहरुले अनेक समस्या भोग्नुपरेको महिला अधिकारकर्मी अन्जु गैरे बताउँछिन् ।

**घरघरमा महिनावारी विभेद**

आलिताल गाउँपालिका–८ की तारा मडै अहिले २२ वर्षकी भइन् । उनी १४ वर्षको उमेरमा पहिलोपटक महिनावारी हुँदादेखि महिनामा चार दिनसम्म सुक्खा साग र रोटी मात्रै खाने गर्छिन् । कतिचोटी महिनावारी हुँदा त रक्तचाप कम भएर बेहोस भएकी थिइन् । उनले भनिन्, 'बरु दूध दही बजारमा लगेर बेचिन्छ तर गाईभैँसी बिग्रिन्छ भनेर महिनावारी भएको बेला दूध दही खान दिइँदैन ।'

अमरगढी नगरपालिकाकी कल्पना पनेरुले नगरक्षेत्रभित्रै महिनावारी भएका बेला आफ्नो छोरीलाई घरको तल्लो तलामा रहेको गोठमा राख्ने गरेको बताइन् ।

कतिपय ठाउँमा त गाईभैँसीको गोठमा समेत राखिने गरिएको पाइन्छ । माथिल्लो तलामा राखे देउता रिसाउँछन् भन्ने अन्धविश्वास रहेकाले महिनावारी भएमा तल्लो तलामा खाट बिना सुत्ने परम्परा कायम रहेको उनको बुझाइ छ ।

महिनावारी भएका बेला गाईबस्तु बिरामी हुने र फलफूलका बोटहरू छोएमा सुक्दै जाने हुँदा छुने हिम्मत नगरेको उनको भनाइ छ । जिल्लाका केही स्थानीय तहमा फाट्टफुट्ट दूध दही खान दिए पनि अधिकांश स्थानीय तहका ग्रामीण भेगका सुत्केरी र महिनावारी भएका महिलालाई दूध, दही अझै नदिएको पाइन्छ ।

महिनावारी विभेद देखावटी रूपमा मात्रै हटेको नागरिक अगुवा सिद्धराज पाठकले बताए । महिनावारी भएपछि छाउगोठमा नबसे पनि घरको भूइँ तलामा बस्ने गरेको उनको भनाइ छ । 'यसलाई परिवर्तन गर्नका लागि आफूबाट सुरुआत गर्नुपर्छ । अरूलाई भन्ने आफू व्यवहारमा नउतार्ने परिपाटी छ', उनले भने, 'यसको अन्त्य गर्नुपर्छ । महिला स्वयंले पनि यो विषय बुझ्नुपर्छ ।'

**के गर्दैछ स्थानीय सरकार ?**

डडेल्धुरामा दुई नगरपालिका र पाँच गाउँपालिका छन् । स्थानीय तहको कार्यक्रम घरघरमा पुग्छ तर महिनावारीको जस्तो महिलामाथिको विभेदकारी अभ्यास भने हटाउन स्थानीय तहले कुनै ठोस पहल गरेको देखिँदैन ।

जिल्लाको नवदुर्गा गाउँपालिकाले छाउपडी कुप्रथालाई मध्यनजर गरेर जनचेतनामूलक कार्यक्रमहरू गर्दै आएको गाउँपालिका उपाध्यक्ष निर्मला विष्टले बताए । उनले आफू स्थानीय तहमा जनप्रतिनिधिको रूपमा आइसकेपछि महिनावारी विभेदविरूद्ध सशक्त रूपमा आवाज उठाउँदै आएको र विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दा पनि हटाउन असफल भएको स्वीकारे ।

नवदुर्गा गाउँपालिका–४ स्थित गिल्लेश्वरी प्राथमिक विद्यालयमा चार दिनसम्म महिला शिक्षक र विद्यार्थी विद्यालय जाँदैनथे । मन्दिर भएको ठाउँमा विद्यालय हुँदा महिनावारी भएको बेला धेरैको पढाइ बिग्रियो । हाल विद्यालय अर्को ठाउँमा सारिएपछि महिनावारी भएकाले बेला पनि सबै विद्यालय जान्छन् ।

'मानिसमा चेतनाको विकास भएको छैन । परम्परागत रूपमा यो चल्दै आएको छ । एकातिर देउता रिसाउने डर छ भने अर्कोतिर समाजको डर पनि छ', उपाध्यक्ष विष्टले भने, 'यो विस्तारै मानिसमा चेतनाको विकास भएपछि आफैँ हट्छ । तत्काल यो हटाउन सक्ने अवस्था छैन ।'

स्वास्थ्य स्वयंसेविका, महिला जनप्रतिनिधि, महिला शिक्षक, महिला स्वास्थ्यकर्मी, समाजका अभियन्तालगायतले छाउपडीको बारेमा समाजमा प्रचारप्रसार गरे पनि उनीहरू आफैँ महिनावारी बार्ने गरेको आरोप खेप्दै आएका छन् । यसमा स्थानीय तहका नेतृत्वमा रहेका व्यक्तिहरु पनि पर्ने भएकाले स्थानीय तहले महिनावारी विभेद हटाउने प्रयत्न गरेको दाबी गरे पनि अवस्था परिवर्तन हुन नसकेको स्थानीयहरुको भनाइ छ ।

**महिनावारी विभेदले मृत्युको मुखमा धकेल्दै**

महिनावारी हुँदा छाउगोठमै कतिपय महिलाहरू जबर्जस्ती करणीको सिकार बन्न पुगेका छन् भने भने कतिको सर्पले डसेर ज्यान गएको छ । महिनावारी भएको बेला छाउगोठमा गत वर्ष बैतडीको पञ्चेश्वर गाउँपालिका–४ कि १६ वर्षीया किशोरी अनिता चन्दको सर्पले डसेर मृत्यु भयो ।

छाउपडीका कारण सबैभन्दा बढी घटना अछाम र बझाङमा हुने गरेको प्रहरीको तथ्याङ्क छ । विसं २०७६ यता अछाममा मात्र महिनावारी भएको बेला छाउगोठबाट निस्सासिएर तीन, सर्पले डसेर एक र जबर्जस्ती करणीका कारण एक महिलाको मृत्यु भएको छ ।

त्यस्तै बाजुराको बूढीगङ्गा नगरपालिका–९ अगाउ पानीमा छाउगोठमा आगलागी भएर आमा छोराको ज्यान गएको थियो । देवीदेवता रिसाउने, घरपरिवारमा अनिष्ट हुनेलगायत सोचका कारण महिनावारी भएका बेला खाने कुरा पनि बार्ने गरेको पाइएको छ । गाउँघरमा यस्तै चलनका कारण आफूहरू पनि अलग्गै बस्ने र चार दिनसम्म महिनावारी कडाइका साथ बार्ने गरेको बैतडीको मेलौली नगरपालिका–१ कि सुनिता दयाल बताउँछिन् ।

यस्तै अनुभव छ डडेल्धुराकी अभियन्ता सुनिता गैरसँग पनि । उनी भन्छन्,'केही नराम्रो भइहाले धामीझाँक्रीले छुई बिग्रियो भन्छन् । महिनावारी बार्नु त परम्पराजस्तै भइसक्यो ।' पेट दुखेमा, ज्वरो आएमा मात्र नभई पैतालामा सामान्य ठेस लाग्दासमेत स्थानीय झाँक्रीले छुई बिग्रिएको भन्दै राम्ररी बार्न सल्लाह दिन्छन् ।

महिनावारी विभेद अन्त्य गर्नु फलामको च्यूरा चपाउनुसरह भएको उनीहरूको भोगाइ छ । महिला मुक्ति समाज डडेल्धुराकी अध्यक्ष आरती जोशीले महिनावारी विभेद अन्त्य हुन नसक्नुमा बूढापाका र धामीझाँक्री मुख्य जिम्मेवार रहेको बताइन् ।

धामीझाँक्रीको विश्वास मान्ने चलन जबसम्म रहिरहन्छ, तबसम्म शिक्षक, बुद्धिजीवी, स्वास्थ्यकर्मी, सामाजिक अगुवाले छाउपडीको घेरामा बस्नुपर्ने बाध्यता कायमै रहने उनको भनाइ छ । 'यसलाई न्यूनीकरण गर्न शिक्षक र धामीझाँक्रीको मनस्थिति बदल्न जरुरी छ', उनी भन्छिन् ।

**पहिलोपटक छाउपडी उन्मूलन नीति**

सुदूरपश्चिम प्रदेश सरकारले 'छाउपडी प्रथाजन्य उन्मूलन नीति २०७६' ल्याएको छ । नीतिमा महिलाविरुद्धका सबै प्रकारका विभेद अन्त्य गर्ने प्रतिबद्धता जाहेर गरिएको छ ।

शिक्षा तथा जनचेतना अभिवृद्धि गरी छाउपडी प्रथाजन्य पुरातन रूढीवादी अन्धविश्वास, मान्यता, प्रचलन सोच र अभ्यासमा परिवर्तन ल्याई महिला अधिकारको संरक्षण र परिपूर्ति पुरा हुने गरी वातावरण तयार गर्ने उद्देश्यले नीति ल्याइएको प्रदेश सरकारले जनाएको छ । तर कतिपयले नीतिमै महिनावारी विभेदलाई मर्यादित बनाउने विषयमा प्रष्ट नभएको टिप्पणी गरेका छन् ।

सो नीति कार्यान्वयन नहुँदा अहिले पनि सुदूरपश्चिममा महिनावारी विभेद कायमै छ । प्रदेशका सामाजिक राज्य मन्त्री सरस्वती खड्काले नीति बनाएर मात्रै नहुने बताइन् । उनी नीति कार्यान्वयनमा लगेर महिनावारी विभेद हटाउने खालका कार्यक्रम सञ्चालन गरी ठोस कदम चाल्नुपर्ने आवश्यकता रहेको धारणा राख्छिन् । यता सुदूरपश्चिम प्रदेशसभाकी उपसभामुख कोइलीदेवी चौधरीले प्रदेश सरकारले कोरोनाका कारण देखाउँदै सञ्चालन नगरिएको छाउपडी कुप्रथा उन्मूलन कार्यक्रम यस वर्ष भने सञ्चालनमा आउने विश्वास व्यक्त गर्छन् ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले पनि छाउपडी प्रथालाई गैरकानुनी घोषणा गरी आपराधिक कसुर मानेको छ । ऐनको दफा १६८ को उपदफा (३) मा महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा अन्य किसिमका भेदभाव, छुवाछूत वा अमानवीय व्यवहार गर्नु वा गराउनु नहुने उल्लेख छ ।

यस्तो कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा रु तीन हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । सर्वोच्च अदालतले २०६२ सालमै छाउपडी प्रथालाई कुप्रथा घोषित गर्दै छाउपडी प्रथा उन्मूलनका लागि आवश्यक व्यवस्था गर्न सरकारको नाममा निर्देशनात्मक आदेशसमेत जारी गरेको थियो ।

तत्कालीन महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले छाउपडीजस्तो कुरीतिजन्य प्रथा उन्मूलनका लागि 'छाउपडी उन्मूलन निर्देशिका, २०६४' जारी गर्‍यो । यसमा छाउपडी प्रथा उन्मूलनका लागि जनचेतना जगाउने, यसबाट बालिका तथा महिलाको स्वास्थ्यमा पर्ने असरबारे जानकारी गराउने र उक्त प्रथाको अन्त्य गर्ने व्यक्ति, परिवार र समुदायलाई सम्मान गर्ने भनिएको छ । रासस\

## गोरखनाथदेखि गोरखपुरसम्म खिचडी यात्रा गर्दै गोरखा नगरपालिका

–मधु शाही

**रासस**

गोरखा नगरपालिकाले 'गोरखा भ्रमण वर्ष २०२५' सफल बनाउन विभिन्न कार्यतालिका सार्वजनिक गरेको छ । नगरपालिकाले गोरखा भ्रमण वर्षमा धेरैभन्दा धेरै पर्यटक भित्र्याउनका लागि विभिन्न ३२ योजनासहितको कार्यतालिका सार्वजनिक गरेको हो ।

कार्यतालिका अन्तगत गोरखामा ऐतिहासिक, धार्मिक तथा खेल क्षेत्रको माध्यमबाट पर्यटन प्रवद्र्धनका लागि देशभरका सातवटै प्रदेशमा 'जाउँ है गोरखा कार्यक्रम'देखि लिएर प्रदेशस्तरीय खेलकुद प्रतियोगितासमेतको आयोजना गर्न लागिएको नगरप्रमुख कृष्णबहादुर रानामगरले जानकारी दिए । गोरखालाई धार्मिक, ऐतिहासिक तथा खेल क्षेत्रसँग जोडेर यहाँको पर्यटनको विकासका लागि नगरपालिकाले नयाँनयाँ योजनाको थालनी गर्न लागेको हो, उनले भने, 'अब पर्यटकलाई गोरखा घुम्न आउनका लागि प्रोत्साहित गर्छौँ ।' गोरखा घुम्न आउने पर्यटकलाई लक्षित गरेर नगरपालिकाले नगरभित्रका ५६ वटा धार्मिक एवं पर्यटकीयस्थलको पहिचान गरेर 'बुकलेट'समेत तयार पारेको नगरप्रमुख रानामगरले जानकारी दिए ।

आँबुखैरेनी हुँदै गोरखा प्रवेश गर्ने पर्यटकका लागि पर्यटकीयस्थल पुग्ने बाटोको सूचना दिन क्यूआर कोडसहितको 'स्टे«ट नम्बर' राख्ने तयारी नगरपालिकाले गरेको छ ।''क्यूआर स्क्यान गरेपछि पर्यटकले सम्बन्धित पर्यटकीयस्थल र त्यसको महत्वका बारेमा थाहा सजिलै पाउन सक्छन्, उनले भने, ''आउँदो माघ महिनाभित्रमा यो काम सम्पन्न गर्ने नगरपालिकाको कार्य योजना छ ।'' त्यस्तै पर्यटकलाई जिल्ला पर्यटकीयस्थलको जानकारी दिने सदरमुकामस्थित बसपार्क नजिकै रहेको बहुउद्देश्सीय भवनमा नगरपालिकाले सूचना केन्द्र स्थापना गर्ने योजना बनाएको छ ।

नगरपालिकाले धार्मिक पर्यटक भित्र्याउनका लागि गोरखामा विश्वनाथ योगीको सम्मेलन गर्ने, गोरखनाथदेखि गोरखपुरसम्म खिचडी यात्रा गर्ने, रोट महोत्सव तथा शान्ति पद्यात्रा कार्यक्रम गर्ने, काठमाडौं, पोखरा, लुम्बिनी, बन्दीपुर सौराहलगायतका स्थानमा पर्यटन सञ्जाल गठन गर्ने कार्यतालिकामा उल्लेख गरेको छ ।गोरखा आउने पर्यटक सहजीकरणमा मद्दत पु¥याउनका लागि विविध पर्यटन प्रवद्र्धनसम्बन्धी तालिम सञ्चालन गरिनेछ, नगरप्रमुख रानामगरले भने,'त्यसबाहेक सामाजिक सञ्जालमार्फत पनि गोरखाको पर्यटकीय क्षेत्रको प्रचारप्रसारका लागि पर्यटनसँग सम्बन्धित प्रतियोगिता आगामी फागनुमा गर्ने योजना बनाइएको छ ।'

नगरपालिकाले गोरखा भ्रमण वर्ष सफल बनाउनका लागि होटल व्यवसायी सङ्घको आयोजनामा पर्यटन व्यवसायीको भेला, नगरपालिकामा गण्डकी प्रदेशस्तरीय न्यायिक भेला २०८१, पर्यटनसम्बन्धी छलफललगायतका कार्यक्रम सम्पन्न गरिसकेको छ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# राष्ट्रको सिमाना रक्षा गर्न सरकार संवेदनशील छः गृहमन्त्री



**काठमाडौँ ।**
गृहमन्त्री रमेश लेखकले सरकार राष्ट्रको भूमि र सिमानाको रक्षा गर्न प्रतिबद्ध रहेको बताएका छन् । आफ्नो भूमिको सुरक्षा गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै त्यसनिम्ति सरकार संवेदनशील भएर लागेको बताए । राज्यव्यवस्था तथा सुशासन समितिको आजको बैठकमा उनले भारतीय नागरिकले कञ्चनपुरको शुल्लाफाँटाको जग्गामा खेतीपाती गरेको विषयलाई कूटनीतिक माध्यमबाट तत्काल समाधान गर्न सरकारले प्रक्रिया प्रारम्भ गरिसकेको जानकारी दिए । गृहमन्त्री लेखकले भने,'कञ्चनपुरको शुल्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने हाम्रो भूमि भारतीय नागरिकले भोगचलन गरिरहेको अवस्था छ ।
यसबारे सरकारलाई जानकारी छ, यसप्रति सरकारको गम्भीर ध्यानार्कषण भएको छ । समस्या समाधान गर्न कूटनीतिक छलफल पनि गरेका छौँ ।'
उक्त क्षेत्रमा सीमासम्बन्धी विवाद नरहे पनि सीमास्तम्भ राख्नपर्ने आवश्यकता औँल्याउँदै गृहमन्त्री लेखकले द्विदेशीय संयन्त्रमार्फत सीमास्तम्भ राखिने भएकाले त्यसनिम्ति कूटनीतिक माध्यमबाट छलफल भइरहेको बताए । उनले भने, 'सीमासम्बन्धी द्विदेशीय संयन्त्रलाई पनि यस सम्बन्धमा ध्यानार्कषण गराइएको छ । हामी हाम्रो भूमिको रक्षा गर्छौं । समस्या पनि समाधान गर्छौं ।'
बैठकको प्रारम्भमा समिति सदस्यद्वय रघुजी पन्त र दिलेन्द्रप्रसाद बडूले शुल्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको जग्गा भारतीयले प्रयोग गरेको विषयमा गृहमन्त्रीको जवाफ माग गरेका थिए । रासस

# निष्पक्ष पत्रकारिता लोकतन्त्रको आधारस्तम्भ होः राष्ट्रपति

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले स्वतन्त्र र निष्पक्ष पत्रकारिता लोकतन्त्रको आधार स्तम्भ भएको बताएका छन् । सोमबार नेपाल पत्रकार महासंघका नवनिर्वाचित पदाधिकारीहरूलाई बधाई ज्ञापन गर्दै राष्ट्रपति पौडेलले लोकतन्त्रको सुदृढीकरण र यसको स्थायित्व पनि पत्रकारहरूको मुख्य लक्ष्य हुनुपर्ने बताएका हुन् ।
'स्वतन्त्र र निष्पक्ष एवं व्यावसायिक पत्रकारिता तथा जनताको सूचनाको हक लोकतन्त्रको आधार स्तम्भ भएकाले नै हाम्रो संविधानले पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ ।
त्यहीभएर लोकतन्त्रको सुदृढीकरण र यसको स्थायित्व पनि पत्रकारहरूको मूख्य लक्ष्य हुनुपर्छ भन्ने म ठान्दछु,' राष्ट्रपति पौडेलले भने ।
सूचना प्रविधिको तीव्र विकाससँगै समाचारको विषयवस्तु, सञ्चार माध्यम र सूचना सम्प्रेषणमा आएको परिवर्तनले पाठकको सही सूचना पाउने चाहना पूरा गर्न सहज भएको बताउदै योसँगै सूचना प्राप्ति र सम्प्रेषणमा सजिलो भएसँगै छिटो सूचना दिने होडबाजीमा मिथ्या सूचना प्रवाह हुन सक्ने र त्यसले समाजलाई दिग्भ्रमित पार्न सक्ने खतरातर्फ आमसञ्चारका माध्यमहरू सचेत हुन जरुरी रहेको राष्ट्रपति पौडेलको भनाइ छ ।
राष्ट्रपति पौडेलले श्रमजीवी पत्रकारको हकहित, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र व्यावसायिक पत्रकारिताका लागि नवनिर्वाचित नेपाल पत्रकार महासंघको कार्यसमितिले आगामी दिनमा अझै प्रभावकारी ढंगले काम गर्ने विश्वास व्यक्त गरे । रासस



# 'कामहरूको स्वमूल्याङ्कन हुनु आवश्यक'

**धुलिखेल ।**
बागमती प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले विगत र चालु बर्षमा गरेका कामहरूको स्वमूल्याङ्कन हुनु आवश्यक रहेको बताएका छन् । उपलब्धी बस्तुगतरूपमा मापन गर्न सकियो भने त्यो उच्चतम हुने बताउँदै आफूले सम्पादन गरेका कार्यहरू गर्व गर्न लायक होस भनेर लागिपर्न उनले प्रेरित गरे ।
सोमबार काभ्रेपलान्चोक जिल्ला समन्वय समितिले आयोजना गरेको प्रगति समिक्षा कार्यक्रममा उनले यस्तो बताएका हुन् । सम्पूर्ण निकायका उपलब्धिमूलक कार्यहरूले काभ्रेली जनताको जीवनस्तर माथी उठ्नुपर्ने उनले बताए । 'हामीले लक्ष्य हासिल गर्न थुप्रै चुनौतीका पहाड हरूको सामना गर्नुपर्ने हुन्छ, तर समस्याभन्दा समाधान नै ठुलो हुन्छ' उनले भने । भौगोलिक जटिलता र प्रकृतिजन्य प्रकोप र अन्य कुराहरूले लक्ष्य हासिल गर्नमा समस्या खडा गरेको भएपनि आफ्नो प्रयास जारी राख्नुपर्ने उनले सल्लाह दिए । चालु बर्षको असोज महिनामा देशका अन्य भागजस्तै काभ्रेका थुप्रै ठाउँमा विपत्ति आइपरेको सन्दर्भलाई स्मरण गर्नुहुदै प्रमुख देवकोटाले भने,'स्थानीय तहहरूको आफ्नै ब्यथा छ, बनेपा डुबान दीर्घकालीन समाधानको पर्खाइमा छ,कृषिबाट अपेक्षित प्रतिफल हासिल हुन नसकेको र वास्तविक किसान मर्कामा परेका थुप्रै गुनासाहरू छन्, धुलिखेललाई सूचना प्रबिधि हब ,स्वास्थ्य हब र पर्यटन हब बनाउन अझै दह्रो पाइलाको आवश्यक छ ।' सत्यता, कर्मशीलता अनि इमान्दारीताले सकारात्मक परिणामको अनुभुती दिन सकिने भएकोले संघर्षरत रहन उनले प्रेरित गरे ।
संविधानको धारा २२० अनुसार गठन हुने जिल्ला समन्वय समितिले राज्यका तीनै तहसङ्ग समन्वयकारी भूमिका खेल्ने जिम्मेवारी दिएको उल्लेख गर्दै देवकोटाले विकास निर्माण अनुगमन, संयोजन, प्रकोप तथा विपत व्यवस्थापन समन्वय, सल्लाह, सुझाव, निर्देशनजस्ता अहम् भूमिका जिल्ला समन्वय समितिको रहेको बताए ।
जिल्ला समन्वय समिती प्रमुख प्रमुख दिपक कुमार गौतमको नेतृत्वमा काभ्रे र काभ्रेली जनताको बृहत्तर हितका कार्यहरूले निरन्तरता पाउने अपेक्षा लिएको उनले बताए ।



# नेता तथा कार्यकर्ता श्रम अभियानमा क्रियाशील हुनुपर्ने




**काठमाडौं ।**
नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्यहरुले पार्टीलाई एकतावद्ध बनाएर अघि बढ्नुपर्नेमा जोड दिएका छन् । काठमाडौंमा सोमबार बसेको केन्द्रीय समिति बैठकको दोस्रो दिनको छलफलका क्रममा उनीहरुले पार्टी सरकारबाट हटेपछि जनतामा जाने ऐतिहासिक अवसर भएकाले यसका लागि पार्टीलाई एकतावद्ध बनाएर अघि बढाउनुपर्नेमा जोड दिएको प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए । बैठकमा पार्टीको महाधिवेशनको मितिसहितको कार्यतालिका तोक्नुपर्नेमा अधिकांशले धारणा राखेका थिए ।
त्यस्तै, उनीहरुले अध्यक्ष प्रचण्डको राजनीतिक प्रतिवेदन वैज्ञानिक र वस्तुवादी रहेकाले स्पष्ट राजनीतिक दृष्टिकोणसहित अघि बढ्नुपर्छ भन्ने धारणा समेत राखेको प्रवक्ता सापकोटाले बताए । केन्द्रीय सदस्यहरुले अध्यक्षसहित सबै नेता कार्यकर्ताहरु अनिवार्य रुपमा श्रम र उत्पादनसँग जोडिनुपर्ने सुझाव दिएका छन् भने सदन आह्वानका लागि अन्य दलसँग मिलेर दबाब सिर्जना गर्नुपर्ने सुझाव समेत आएको प्रवक्ता सापकोटाले बताए ।
बैठकमा १८० जनाले बोल्नका लागि नाम टिपाएकोमा दोश्रो दिन ८० जनाले धारणा राखेका थिए । बैठक मंगलबार बिहान ११ बजेसम्मका लागि स्थगित भएको प्रवक्ता सापकोटाले बताए । रासस

# ४६ जनाले छाडे एमाले

**धनगढी ।**
कैलालीकोस्थित नेकपा एमाले गोदावरी नगर कमिटी कैलालीका ४६ जनाले सामूहिक राजीनामा दिएका छन् ।
उनीहरूले नेकपा एमाले महासचिव शंकर पोखरेल र अन्य केही नेताहरूले जनयुद्धका बारेमा लगातार प्रहार गरेपछि पार्टी परित्याग गर्न बाध्य भएको उल्लेख गरेका छन् ।
पुस १० गते नेकपा एमालेको सचिवालय बैठकले पार्टी उपाध्यक्ष रहेका भीम रावललाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाही गरेको थियो ।
सो पश्चात् ४६ जना नेता तथा कार्यकर्ताहरूले पुस ११ गते सामूहिक राजीनामा दिएका हुन् ।

# मस्तिष्कघातको निःशुल्क उपचारको तयारीमा सरकार




**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले सरकारले मस्तिष्कघातको निःशुल्क उपचारको तयारी गरिरहेको बताएका छन् ।
कान्ति बाल अस्पतालको ६३औँ वार्षिकोत्सवका अवसरमा मंगलबार काठमाडौँमा आयोजित कार्यक्रममा उहाँले यसका लागि मन्त्रालयले कार्ययोजना बनाइरहेको बताए । उनले कान्ति बाल अस्पतालमा बाल क्यान्सरको निःशुल्क उपचारको व्यवस्था बनाइसकेको समेत उल्लेख गरे ।
कान्ति बाल अस्पतालमा भौतिक पूर्वाधार र जनशक्तिको अभाव रहेको विषयमा आफू जानकार रहेको बताउँदै उनले मन्त्रालयका तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । 'अस्पतालले हाल सीमित स्रोत र साधनका बावजुद गुणस्तरीय सेवा प्रवाह गरिरहेको छ, यसैका कारण धेरैको विश्वास कान्तिमा छ', उनले भने । त्यस अवसरमा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा आरपी विच्छाले कान्ति अस्पताललाई बाल स्वास्थ्य अध्ययन संस्थानका रुपमा विकास गर्न आवश्यक रहेको धारणा राखे ।
'अस्पतालमा शय्याको सङ्ख्या बढाए पनि बिरामीको चाप कम भएको छैन', उनले भने,'अस्पतालमा बिरामीको चाप कम गर्न प्रत्येक प्रदेशमा एक सयदेखि तीन सय शय्यासम्मको बाल अस्पताल निर्माण गर्नुपर्छ ।'
अस्पताल विकास समितिका अध्यक्ष श्रीराम सुवेदीले अस्पताल चिकित्सा क्षेत्रको राष्ट्रिय सम्पदाका रुपमा रहेको उल्लेख गरे । उनले भने, 'अस्पतालले उपचार सेवामा विविधिकरण र विशिष्टीकरण गरेको छ । हाल १४ वर्ष मुनिका उपचार गर्ने बालबालिकाको सङ्ख्या २८ प्रतिशत छ । यो समूहलाई उपचार सेवा दिएर ठूलो सेवा गरेको छ ।'
उनले बिरामीको चापको अनुपातमा भौतिक संरचना र जनशक्ति कम रहेको बताए । अस्पतालले वार्षिकोत्सवको अवसरमा वायु गुणस्तर मापन उपकरण जडान गरेको उनले जानकारी दिए ।
अस्पतालका निर्देशक डा.पङ्कज रायले अस्पतालमा हाल जनशक्ति र भौतिक पूर्वाधारमा कमी रहेकाले सुधार गर्दै जानुपर्ने आवश्यकता औँल्याए ।
'अस्पतालमा अहिले पनि शल्यक्रियाका लागि पालो पर्खिनुपर्ने अवस्था छ । सघन उपचार कक्ष पनि थप गर्नुपर्नेछ', उनले भने, 'अस्पतालको वृहत गुरुयोजना अनुरुप विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर)को काम सुरु भइसकेको छ ।' उनले थप स्रोत जुटाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र कतार दूतावाससँग पहल गरिरहेको जानकारी दिए ।
देशको एकमात्र सरकारी केन्द्रीय तथा रिफरल बाल अस्पतालका रुपमा रहेको कान्ति बाल विसं २०१९ पुस २२ गते स्थापना भएको हो । तत्कालीन समयमा ५० शय्याबाट सुरु भएको यस अस्पतालमा हाल तीन सय ७२ शय्या छन् । अस्पतालले आर्थिक वर्ष २०८०÷८१ म एक लाख ८० हजार बालबालिकालाई सेवा उपलब्ध गराएको सो अवसरमा जानकारी दिइयो । रासस

# एमाले केन्द्रीय कमिटी बैठक जारी




**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ललितपुरमा जारी केन्द्रीय कमिटी बैठकमा प्रस्तुत राजनीतिक एवं साङ्गठनिक प्रतिवेदनमाथि केन्द्रीय सदस्यहरुले धारणा व्यक्त गर्ने क्रम समाप्त नभएकाले मङ्गलबार पनि बैठक हुने भएको छ । शुरु भएको बैठकमा अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन र महासचिव शङ्कर पोखरेलले साङ्गठनिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । बैठक मंगलबार बिहान ११ बजे पुनः बस्ने छ । रासस

# एकीकृत समाजवादीका केन्द्रीय सदस्य एमालेमा

**काठमाडौँ ।**
नेकपा (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य गोविन्दराम चेपाङ नेकपा (एमाले) मा फर्केका छन् ।
एमालेको केन्द्रीय कार्यालयमा जारी केन्द्रीय कमिटीको आठौँ बैठकका क्रममा उनलाई पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीसहितका नेताले पार्टी प्रवेश गराएका हुन् ।
उनी एकीकृत समाजवादीका आदिवासी जनजाति फाँटका 'सहइञ्चार्ज' थिए । मकवानपुर निवासी उनी संविधानसभा सदस्य थिए । रासस

# श्रम विभाग र सामाजिक सुरक्षा कोषबीच सम्झौता

**काठमाडौँ ।**
श्रम प्रशासनलाई चुस्त, दुरुस्त सेवा प्रवाह गर्ने उद्देश्यले श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र सामाजिक सुरक्षा कोषबीच सूचना तथा तथ्यांक आदानप्रदान गर्ने सम्झौता भएको छ ।श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा सोमबार एक कार्यक्रमबीच विभागका तर्फबाट उपमहानिर्देशक विपिन राजभण्डारी र कोषको तर्फबाट कार्यकारी निर्देशक कविराज अधिकारीले हस्ताक्षर गरे । एक अर्कालाई आवश्यक सूचना तथा तंथ्याक अनलाइनको माध्यमबाट आदानप्रदान गरी श्रमसम्बन्धी कानुनको परिपालनाका साथै सामाजिक सुरक्षाको सुनिश्चितता गराउने उद्देश्यका साथ दुई निकायबीच सम्झौता भएको मन्त्रालयका प्रवक्ता डण्डुराज घिमिरेले जानकारी दिए ।यस सम्झौताबाट दुवै निकायले श्रम कानुनको परिपालना, सामाजिक सुरक्षाको सुनिश्चितताको विषयमा श्रम निरीक्षण, श्रम लेखापरीक्षण तथा अनुगमनका क्रममा प्रभावकारितामा वृद्धि हुन गई श्रम कानुन परिपालना हुने विश्वास लिइएको छ ।
सम्झौतासँगै व्यवसायजन्य सुरक्षा र सामाजिक सुरक्षाको प्रत्याभूति, औपचारिकताको प्रवद्र्धन हुने, असल श्रम सम्बन्ध कायम भई उत्पादकत्व वृद्धि हुनुका साथै सुशासन प्रवद्र्धन एवं श्रम सम्बन्धमा गुणात्मक सुधार भई उद्योग व्यवसायको विकास र विस्तारमा टेवा पुग्ने मन्त्रालयले जनाएको छ । यो अवसरमा श्रम मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाले सम्झौताबाट श्रमिकका हकहित थप सुरक्षित, मर्यादित र व्यवस्थित गर्न सहयोग पुग्ने बताए ।रासस

# भिसा लागेर पनि कोरिया जान नपाएपछि आन्दोलित




**काठमाडौँ ।**
भिसा लागे पनि दक्षिण कोरिया उड्न नपाएका कामदारले ललितपुर ग्वार्कोस्थित रोजगार अनुमति प्रणाली (ईपीएस) कार्यालय घेराउ गरेका छन् । सोमबार उनीहरूले भिसा लागे पनि टिकट अभावमा रोकिनु परेको भन्दै कार्यालय घेराउ गरेका हुन् ।
एक पटकमा २५ देखि ३० जनाको मात्रै टिकट आउने गरेको र त्यसमा पनि भित्रभित्रै ट्राभलले बढी पैसा तिर्नेलाई मात्र टिकट दिइरहेको उनीहरूको आरोप छ । ईपीएस कार्यालयका शाखा अधिकृत कमलराज श्रेष्ठका अनुसार कोरियाको भिसा लागे पनि समयमा टिकट नपाउने समस्या छ । कोरिया जाने कामदार पठाउने एयरलाइन्सको पहिलाको टेन्डर सकिएको र नयाँ प्रक्रिया सुरु भएपछि यो समस्या समाधान हुने उनले बताए ।
'भिसा लागेका १ हजार ५ सयभन्दा बढी कामदार हवाई टिकटको समस्याका कारण उड्न पाएका छैनन् । यो समस्या समाधान गर्न नयाँ टेन्डर खुलाइएको हो । अब अर्को महिनादेखि यो समस्या हुँदैन ।'
समयमा कोरिया जान नपाएको लगायत गुनासो लिएर बर्सेनि भाषा पास गरेको कामदारले ईपीएस कार्यालय घेराउ गर्दै आएका छन् ।
झापाका विकास घिमिरेको २०२४ सेप्टेम्बरमा इस्यू भएर अक्टोबरमा सीसीबीआई आइसकेको छ । भिसा लागे पनि तीन महिना बित्न लागिसक्यो तर टिकटको नपाएपछि आन्दोलन गर्नुपरेको उनले जानकारी दिए । 'मैले २०२४ मा उत्पादनमूलक क्षेत्रतर्फ भाषा परीक्षा पास गरेको हुँ । तीन महिनाअघि नै भिसा आए पनि अहिलेसम्म उड्न पाएको छैन । टिकटका लागि तीन महिनादेखि काठमाडौँमा बसेको छु,' उनले भने ।
भिसाअवधि सकिन लागेका १५ सयभन्दा बढी कोरियन भाषा उत्तीर्ण गरेका कामदारको रोजगार बन्द भए पनि सरकारले बेवास्ता गर्दा आन्दोलन गर्नुपरेको उनीहरूको आरोप छ । गत साता मात्र ईपीएसमार्फत् नेपालबाट दक्षिण कोरिया रोजगारमा जाने नेपाली कामदारहरूले तिर्ने हवाई भाडा तोकिएको छ । युनिभर्सल ट्राभलले प्रतिटिकट ५४ हजार ९ सय ९१ रुपैयाँमा काठमाडौंदेखि सियोलसम्म उडान भर्ने जिम्मा पाएको छ ।
शाखाले गत कात्तिक १३ मा आह्वान गरेको बोलपत्रमा युनिभर्सल टुर्स एन्ड ट्राभल्स प्रालिलाई सस्तो मूल्यमा कोरिया जाने कामदारको टिकट वितरणका लागि छनोट गरेको हो । रासस

# कबड्डी लिग खेल्न विदेशी खेलाडी र प्रशिक्षकको आगमन

**काठमाडौँ ।**
नेपाल कबड्डी लिग (एनकेएल) खेल्नका लागि केही विदेशी खेलाडी र प्रशिक्षक नेपाल आइपुगेका छन् । भारतबाट दुई प्रशिक्षक, केन्या र बंगलादेशबाट पाँच खेलाडी आइसकेको आयोजकले जनाएको छ ।
त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा आगामी ४ माघदेखि सञ्चालन हुने उक्त प्रतियोगिताको पहिलो सिजनमा सहभागिता जनाउन आउने पहिलो विदेशी खेलाडी आलोक सिंह रहेका छन् ।
भारतीय प्रशिक्षक आलोक काठमाण्डु माभरिक्सको टिम सम्हाल्न नेपाल आइपुगेका हुन् । पोखरा लेकर्सले भारतबाटै प्रशिक्षक भित्र्याएको छ । उसले राजाराम पेरियापुलियनलाई ल्याएको हो ।
धनगढी वाइल्ड क्याट्सले अनुबन्ध गरेका केन्याली खेलाडी स्टेफेन एमोलो एडोंगो टिममा सामेल भइसकेका छन् ।
एनकेएलमा आबद्ध बङ्गलादेशका चार खेलाडी पनि त्रिभुवन विमानस्थलमा अवतरण गरिसकेका छन् । काठमाडु माभरिक्सका मिजानुर रहमान, पोखरा लेकर्सका मोनिरुल चौधरी र सबुज मियासँगै धनगढी वाइल्डक्याट्सका यासिन आराफात काठमाडौँ आइपुगेका छन् ।
एनकेएलको पहिलो सिजनमा आबद्ध १७ विदेशी खेलाडीमध्ये बाँकी खेलाडीको आगमन केही दिनभित्रै हुने आयोजक एनकेएलले जनाएको छ ।
दुई साता चल्ने उक्त प्रतियोगितामा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमाण्डु माभरिक्स, पोखरा लेकर्स, हिमालयन रेइडर्स र धनगढी वाइल्डक्याट्सले प्रतिस्पर्धा गर्ने जनाइएको छ । रासस

# 'सुडानमा तीन करोडभन्दा बढीलाई सहायताको आवश्यकता'



**सुडान ।**
संयुक्त राष्ट्रसङ्घले सोमबार २० महिने युद्धपछि सुडानमा आधाभन्दा बढी बालबालिकासहित तीन करोडभन्दा बढी मानिसलाई सहायताको आवश्यकता रहेको बताएको छ ।
राष्ट्रसङ्घले 'अभूतपूर्व मानवीय सङ्कट' भनेको यस स्थितिमा कूल तीन करोड चार लाख आवश्यकतामा परेका मानिसमध्ये दुई करोड नौ लाख मानिसलाई लक्षित गर्दै चार अर्ब २० करोड डलरको कोष आह्वान गरेको छ ।
सुडान सेना र अर्धसैनिक ¥यापिड सपोर्ट फोर्सेस (आरएसएफ) बीच सन् २०२३ अप्रिलमा सुरु भएको युद्धले सुडान टुक्रिएको छ र अनिकालको सङ्घारमा पुगेको छ ।दशौँ हजार मानिस मारिएका छन् र ८० लाखभन्दा बढी आन्तरिक रूपमा विस्थापित भएका छन् । यसले युद्धअघि २७ लाख विस्थापितका अतिरिक्त सुडानलाई विश्वको सबैभन्दा ठूलो आन्तरिक विस्थापन सङ्कटका रूपमा परिणत गरेको छ ।
युद्धबाट बच्न थप ३३ लाख मानिस सुडानको सीमा पार गरेर भागेका छन् । यसको अर्थ जसको अर्थ युद्धपूर्व अनुमानित पाँच करोड जनसङ्ख्याको एक चौथाईभन्दा बढी अहिले विस्थापित भएका छन् ।
सुडानका पाँच क्षेत्रहरूमा पहिले नै अनिकाल घोषणा गरिएको छ र मेसम्ममा थप पाँच क्षेत्रमा अनिकाल फैलिने अपेक्षा गरिएको । सुडानमा हाल ८१ लाख मानिस भोकमरीको सँघारमा छन्
सुडानको सेना–समर्थित सरकारले अनिकाल भएको अस्वीकार गरेको छ । यद्यपि सहायता संस्थाहरूले नोकरशाही अवरोध र जारी हिंसाले सहायता पहुँचमा अवरोध भएको गुनासो गरेका छन् । सेना र आरएसएफ दुवैमाथि भोकमरीलाई युद्धको हतियारको रूपमा प्रयोग गरेको आरोप लगाइएको छ ।
द्वन्द्वको धेरैजसो समयमा संयुक्त राष्ट्रसङ्घले यस गरिब उत्तरपूर्वी अफ्रिकी देशमा आफ्नो मानवीय प्रतिक्रियाका लागि लक्षित कोषको एक चौथाई पनि जुटाउन सङ्घर्ष गरेको छ । नागरिकहरूमाथि गरिएका अत्याचारका मात्राका बावजुद मध्यपूर्व र युक्रेनका द्वन्द्वहरूको छायाँमा परेर सुडानको युद्धलाई प्रायः विश्वको 'बिर्सिएको' युद्ध भनिएको छ । रासस

# खाँदबारीमा तीनपोखरी कप फुटबल प्रतियोगिता हुने



**संखुवासभा ।**
संखुवासभाको सदरमुकाम खाँदबारीमा यही पुस २६ देखि तीनपोखरी कप फुटबल प्रतियोगिता हुने भएको छ । तीनपोखरी समाज विकास क्लबले प्रथम आमन्त्रित फुटबल प्रतियोगिता सञ्चालन गर्न लागेको खाँदबारीमा पत्रकार सम्मेलन गरी जानकारी दिइयो ।
माघेसंक्रान्तिको अवसरमा पर्यटन प्रवद्र्धन तथा फुटबल खेलको विकास र खेलाडीको व्यावसायीकरण गर्ने उद्देश्यले प्रतियोगिता गर्न लागिएको आयोजक क्लबका अध्यक्ष मिनेष चापागाईंले जानकारी दिए ।
प्रतियोगितामा सशस्त्र प्रहरी कोशी प्रदेश पकली, इटहरी फुटबल क्लब, भड्साबारी फुटबल क्लब, हिले फुटबल, शीतलपाटी क्लब, लोहोरुङ क्लब, खाँदबारी युथ क्लब, एडभान्स क्लब, मकालु फ्रेन्ड्स, तुम्लिङटार स्पोर्टिङ क्लब र आयोजक तीनपोखरी क्लब (रातो र सेतो दुई टिम)सहित १२ टिमको सहभागिता रहनेछ ।
प्रतियोगिताको विजयी टिमलाई दुई लाख २२ हजार दुई सय २२ रुपैयाँ र उपविजेतालाई एक लाख ११ हजार एक सय ११ रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ । खाँदबारी नगरपालिका– ७ स्थित खाँदबारी रंगशालामा हुने प्रतियोगिता माघ १ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगितामा २२ लाख रुपैयाँ अनुमानित खर्च हुने आयोजकले जनाएको छ । रासस

# सत्कार दिवसमा परम्परागत खाना पस्किइने

**काठमाडौँ ।**
नेपाल सत्कार दिवस (नेपाल हस्पिटालिटी डे–२०२५' को दोस्रो संकरण आगामी माघ २ गते हुने भएको छ ।
होटल सङ्घ नेपालको स्थापना दिवसको अवसरमा सत्कार दिवस मनाउन लागिएको सोमबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । होटल क्षेत्रका सम्भावना, चुनौती तथा आगामी रणनीति तय गर्ने उद्देश्यले सत्कार दिवस आयोजना गर्न लागिएको सङ्घका अध्यक्ष विनायक शाहले जानकारी दिनुभयो ।
यस पटकको सत्कार दिवसमा होटल तथा पर्यटन क्षेत्रको स्थितिलाई उजागर गर्ने उद्देश्यले सङ्घले प्रकाशनमा ल्याएको 'नेपाल होटल इयर बुक'को विमोचन गरिने उहाँले बताउनुभयो । सोही अवसरमा रैथाने खाना प्रवद्र्धनका लागि सातै प्रदेशका मुख्य रैथाने खानाका परिकार प्रदर्शन गरिने गरिने सङ्घले विज्ञप्तिमार्फत जनाएको छ ।
होटल सङ्घ नेपालको वार्षिक साधारणसभा पनि सोही दिन आयोजना हुने सङ्घले जनाएको छ । रासस

# माघ दोस्रो साता दौड प्रतियोगिता




**काठमाडौँ ।**
नेपाल भेटेरिनरी एशोसिएसनको आयोजनामा आगामी माघ दोस्रो सातादेखि 'राइट टु प्रोटिन' दौड प्रतियोगिता आयोजना हुने भएको छ ।
आगामी माघ १२ गतेदेखि हुने उक्त दौड प्रतियोगितामा खुला महिला तथा पुरुष हाफ म्याराथन, पुरुषतर्फ १० किमि दौड, महिलातर्फ पाँच किमि दौड तथा कक्षा १२ सम्मका विद्यार्थीका लागि पाँच किमि र तीन किमि दौड तथा फरक क्षमता भएका व्यक्तिहरुका लागि ह्विलचियर दौड (महिला तथा पुरुष) र बालबालिकाका लागि 'रन फर फन' विधा समावेश गरिएको आयोजक संस्थाका संयोजक डा सितलकाजी श्रेष्ठले सोमबार काठमाडौँमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।
प्रतियोगितामा हाफ म्याराथनतर्फ विजेता महिला तथा पुरुष खेलाडीले जनही एक लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । दोस्रो स्थान हासिल गर्ने खेलाडीले एक लाख रुपैयाँ, तेस्रोले ७० हजार रुपैयाँ, चौथोले ५० हजार रुपैयाँ तथा पाँचौ हुने खेलाडीले ३० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् । दश किमि दौडमा पहिलो हुने खेलाडीले ५० हजार रुपैयाँ, दोस्रोले ४० हजार रुपैयाँ, तेस्रोले ३० हजार रुपैयाँ, चौथोले २० हजार रुपैयाँ र पाँचौ हुने खेलाडीले १० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्ने छन् ।
यस्तै पाँच किमि दौडमा पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौ हुने खेलाडीले क्रमशः ३० हजार रुपैयाँ, २० हजार रुपैयाँ, १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ र पाँच हजार रुपैयाँ पुरस्कार पाउनेछन् । तीन किमि दौडमा पहिलो हुने खेलाडीले २० हजार रुपैयाँ, दोस्रोले १५ हजार रुपैयाँ, तेस्रोले १० हजार रुपैयाँ, चौथोले पाँच हजार रुपैयाँ र पाँचौ स्थान हासिल गर्ने खेलाडीले दुई हजार पाँच सय रुपैयाँ पाउनेछन् ।
ह्विलचियरतर्फ प्रथम स्थान हासिल गर्ने खेलाडीले ३० हजार रुपैयाँ पाउनेछन् भने दोस्रो हुने खेलाडीले २० हजार रुपैयाँ पाउनेछ । त्यसैगरी तेस्रो हुने खेलाडीले १५ हजार रुपैयाँ, चौथोले १० हजार रुपैयाँ र पाँचौ हुने खेलाडीले पाँच हजार रुपैयाँ पाउनेछन् । यो प्रतियोगिताको गत वर्षको हाफ म्याराथनको महिलातर्फ सन्तोषी श्रेष्ठ र पुरुषतर्फ दिपक अधिकारीले स्वर्ण पदक जितेका थिए । रासस

# तालतलैयामा आगन्तुक चराको चहलपहल

# जलपन्छी गणना शुरु

**काठमाडौँ ।**
हरेक हिउँदमा उत्तरीध्रुवबाट चिसो छल्नका लागि नेपाल आउने चराको आगमन यस वर्ष पनि भइसकेको छ । अत्यधिक चिसो हुने रुस, उत्तरी चीन, मङ्गोलिया, साइबेरियालगायतका क्षेत्रबाट जलपन्छी यस याममा अनुकूल तापक्रमको खोजीमा नेपाल आउने गर्छन् । चराविद्हरुका अनुसार यी जलपन्छी यात्राका क्रममा बाटोमा पर्ने तालमा आराम गर्दै आउँछन् । तर क¥याङकुरुङ सारस भने प्रतिकूल मौसमबाहेकको अवस्थामा निरन्तर सयौँ किलोमिटर उडेर यात्रा गर्छ ।



चिसो क्षेत्रबाट हजारौँको संख्यामा चरा जाडो छल्न अनुकूल वातावरण र प्रचुर मात्रामा खानेकुराको खोजीमा भारतको राजस्थानसम्म पुग्ने गर्छन् । फर्किदा भने पाकिस्तान, अफगानिस्तानको बाटो प्रयोग गर्छन् । यी चरा नेपाल आउने क्रम भदौ मध्यदेखि पुस मध्यसम्म चल्छ । चैतसम्म भने प्रायः चरा आफ्नो स्थायी बसोबासस्थलमा प्रजननका लागि फर्कने गर्छन् । नेपालमा हिउँदमा बसाईसरी आउने पानी चरामा हाँस, जलेवा, गङ्गाचील आदि पर्छन् । यतिखेर मुलुकका विभिन्न नदी, ताल, तलैया, सिमसार क्षेत्रमा जाडो छल्न तथा आहाराको खोजीमा आइपुगेका आगन्तुक चराको चहलपहल बढ्दो छ । यही समयमा सिमसार क्षेत्रमा आश्रित रैथाने तथा आगन्तुक चराको विवरण र अवस्था पत्ता लगाउन एवम् संख्या अद्यावधिक गर्न जलपन्छीको गणना शुरु गरिएको छ ।

नेपाल पन्छीविद् सङ्घले गणनामा समन्वय गरिरहेको छ । सो संस्थाका कार्यकारी निर्देशक लक्ष्मणप्रसाद पौड्यालले देशभरका ताल, तलैया, नदी र सिमसार क्षेत्रमा पाइने जलपन्छीको संख्या, प्रजाति र वासस्थानको अवस्थाबारे जानकारी लिन गणना सुरु गरिएको बताए । हरेक वर्ष जनवरीको पहिलो शनिबारदेखि जलपन्छी गणना शुरु गर्ने गरिएको छ । यस वर्षको गणना जनवरी ४ देखि १९ सम्म (पुस २० गतेबाट माघ ६ गते सम्म) सञ्चालन हुनेछ । कार्यकारी निर्देशक पौड्यालले भने, ‘यस अवधिमा पानीमा आश्रित तथा पानी वरिपरि बस्ने आवासीय र बसाइँसराइ गर्ने चराको तथ्याङ्क सङ्कलन गरिने छ । यतिखेर खोलानालामा आगन्तुक चराको आगमन र गतिविधिले छुट्टै माहोल बनेको छ ।’
गणनामा हिमाली प्रकृति, वर्ड कन्जरभेसन नेपाललगायत स्थानीय सङ्घसंस्था, चरा संरक्षणकर्मी तथा सम्बन्धित सरकारी अधिकारीहरुको सहभागिता छ । सन् १९८७ देखि हरेक वर्ष जनवरी ४ देखि दुई हप्तासम्म जलपन्छी गणना गर्ने गरिएको । सिमसारको संरक्षणमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था ‘वेटल्यान्ड इन्टरनेसनल’ले विश्वव्यापीरूपमा यसको नेतृत्व गर्छ । सन् २०२४ मा गरिएको जलपन्छी गणनामा देशभरका १८ प्रमुख सिमसार क्षेत्रअन्तर्गत ८४ साना क्षेत्रमा चार सय दुई स्वयम्सेवकले ७९ प्रजातिका ६३ हजार नौ सय जलपन्छी रेकर्ड गरेको सङ्घको तथ्याङ्क छ । यीमध्ये छवटा रामसारमा सूचीकृत सिमसार क्षेत्र पनि थिए ।



वर्ड कन्जरभेसन नेपालका पश्चिम क्षेत्र परियोजना फिल्ड अधिकृत हिरुलाल डंगौराले गणनाका क्रममा आफूले जलवायु परिवर्तनको असर, सिमसारमा आएको परिवर्तन, सिकार गर्ने प्रवृति, वासस्थानको विनासलगायतका समस्या देखेको बताए । यसबाहेक पछिल्लो समय चरा संरक्षणमा नागरिकमा सचेतना जागेको विषय सकारात्मक भएको आफूले पाएको उनले उल्लेख गरे । उनका अनुसार विगतको तुलनामा चराको प्रजातिमा कमी नदेखिए पनि संख्यामा भने कमी आएको छ ।

‘मुलुकमा अभिलेख भएका आठ सय ९७ प्रजातिका चरामध्ये दुई सय हाराहारी जलपन्छी छन्’, परियोजना फिल्ड अधिकृत डंगौराले भने, ‘बराइँसराइ गरेर आउने चरामा यसपटक कैले टाउने हाँस, मालक हाँस, मरुल हाँस नयाँ चरा रेकर्ड भएका छन् ।’ जाडो छल्न आउने हिउँदे आगन्तुक चराले प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, पोखराका ताल, बीसहजारी ताल, जगदिशपुर ताल, घोडाघोडी ताल, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा समय बिताउँछन् ।



कोशी पक्षी समाजका अध्यक्ष चक्र तिम्सिनाले कोशीका विभिन्न नदी तालतलैयामा शनिबार र आइतबार गरिएको जलपन्छी गणनामा चराको संख्या अपेक्षित नै देखिएको जानकारी दिए । यद्यपि कतिपय स्थानमा सिमसार क्षेत्रको सङ्कुचन, जलकुम्भी र मिचाहा प्रजातिको वृद्धि, अनियन्त्रित माछा मार्नेलगायतका गतिविधिका कारण चरा आहारामा चुनौती देखिएको उनको भनाइ छ । ‘यस क्षेत्रका केही ताल र सिमसार क्षेत्रमा आवश्यकभन्दा जलकुम्भी देखिएको छ, यसले पन्छीलाई आहारा खान कठिनाइ हुन्छ’, उनले भने । पछिल्ला दिनमा सिमसारमा नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन, पर्यटन प्रवद्र्धनका नाममा तालतलैयामा डुङ्गा सञ्चालन, भौतिक संरचनाको निर्माण र वनभोजजस्ता पर्यावरण प्रतिकूलतासमेत थपिएका अध्यक्ष तिम्सिनाको भनाइ छ ।
सन् १९८७ देखि नेपालमा पनि नियमितरूपमा हुँदै आएको जलपन्छी गणनाको मुख्य उद्देश्य पानीमा आश्रित बसाइँसराइ गर्ने र पानीमा र यस वरिपरि बस्ने चराको संख्या र वितरणबारेमा जानकारी सङ्कलन गर्नु हो । यसबाट हामी सिमसार क्षेत्रको अवस्था, जलपन्छीको प्रजनन अवस्था र जलवायु परिवर्तनको असरबारे समेत जानकारी पाउन सकिने यस क्षेत्रका जानकारहरुको भनाइ छ । रासस

# मेयर सिंह र पूर्व क्रिकेटर पारस खड्काबीच छलफल



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले नेपाल क्रिकेट संघ(क्यान) का सचिव एवम् का पूर्व कप्तान पारस खड्कासँग छलफल गरेका छन् । सोमबार महानगरको आफ्नै कार्यकक्षमा मेयर सिंहले क्रिकेटर खड्कासँग वीरगंजमा क्रिकेटको विकास र प्रवद्र्धनका विषयमा विशेष छलफल गरेका छन् । छलफलका क्रममा नगर प्रमुख सिंहले क्रिकेट खेलकुदको पूर्वाधार निर्माण र खेलकुद गतिविधिहरूको प्रवद्र्धनमा महानगरले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । यस अवसरमा उनले खड्कालाई मायाको चिनो प्रदान गर्दै खादा ओढाएर सम्मान गरे । कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, पर्सा क्रिकेट सङ्घका अध्यक्ष मनिष सिंह, वीरगंज ६ का वडाध्यक्ष प्रदीप चौरसिया र अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

पूर्व कप्तान पारस खड्काले वीरगंजलाई क्रिकेट खेलको हब बनाउन आवश्यक योजना र कार्यनीतिबारे सुझाव राखेका थिए । उनले युवा प्रतिभालाई प्रोत्साहन गर्न खेलकुदको विकासमा सबै पक्षको सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे । छलफलपछि नगर प्रमुख सिंहले खेलकुदको विकासका लागि महानगरले खेलकुद पूर्वाधार निर्माणदेखि विभिन्न कार्यक्रम सञ्चालनमा सहकार्य गर्ने जानकारी दिए । यस प्रयासले वीरगंजमा क्रिकेट खेलको विकासमा नयाँ ऊर्जा थप्ने विश्वास गरिएको छ । यो छलफललाई खेलकुद क्षेत्रमा वीरगंजको पहिचानलाई अझ मजबुत बनाउने महत्त्वपूर्ण कदमका रूपमा लिइएको छ ।

# चिसोले जनजीवन प्रभावित



**मधेशदृष्टि**
**वीरगंज ।**
लगातार दुई दिनदेखि हुस्सु र कुहिरो लागेसँगै जिल्लाको जनजीवन प्रभावित भएको छ । शनिबार र आइतबार निरन्तर हुस्सु लागेपछि सर्वसाधारण चिसोबाट प्रभावित भएका हुन् । तराईका विभिन्न जिल्लामा शीतलहरको कारण स्याँठ चल्दा घर बाहिर निस्किने सर्वसाधारणको संख्या थोरै मात्र देखिएको छ ।
चिसो बढेसँगै ज्येष्ठ नागरिक, बालबालिकाहरु बढी प्रभावित भएका छन् । मौसम फिल्ड कार्यालय सिमराका सहायक मौसमविद् लक्ष्मण कंडेलले मधेशमा हुस्सु र कुहिरो लागेसँगै बारा, पर्सा दुवै जिल्लाको तापक्रम घटिरहेको जानकारी दिए । कार्यालयका अनुसार वीरगंजको शनिबारको अधिकतम् तापक्रम १५ डिग्री सेल्सियस र शनिबारको न्यूनतम तापक्रम नौ दशमलव पाँच डिग्री सेल्सियस मापन गरिएको थियो । आइतबार बिहानको न्यूनतम तापक्रम १० दशमलव पाँच डिग्री सेल्सियस मापन गरिएको छ ।
बारामा आइतबार विहान ८: ५६ बजे तापक्रम मापन गर्दा नौ डिग्री सेल्सियस मापन गरिएको छ । वीरगंज महानगरले वीरगंज आसपासमा जाडो बढेसँगै नारायणी अस्पताल, नयाँबसपार्क चोक, घण्टाघर चोक माईस्थान चोक, मुरली चोक लगायतका स्थानमा दाउरा उपलब्ध गराएर आगो ताप्ने व्यवस्था गरेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) गणेश अर्यालले चिसोबाट जनतालाई जोगाउन विभिन्न स्थानमा दाउरा वितरण गरिरहेको जानकारी दिए । प्रजिअ अर्यालले आर्थिक अवस्था कमजोर भएका परिवारलाई सिरक तथा न्यानो लत्ताकपडा वितरण भइरहेको जानकारी दिए । शीतलहरले जनजीवन प्रभावित भएपछि जाडो बढेसँगै लाग्ने हुस्सु र कुहिरोले चिसो बढ्ने भएकाले स्वास्थ्यमा विशेष सावधानी अपनाउन जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।

# गैरकानुनी कर असुलीको विरोधमा प्रजिअलाई ज्ञापन पत्र



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराका स्थानीय तहहरूले गैर कानुनी रूपमा उठाउने गरेको कर असुलीको विरोध गर्दै टिपर तथा स्थानीय व्यवसायीहरूले जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएका छन् । उनीहरूले बाराका विभिन्न स्थानीय पालिकाहरुको यस्तो गतिविधि रोक्न माग गर्दै प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीलाई ज्ञापन पत्र बुझाएका हुन् । जिल्लाको विभिन्न पालिकाहरूले राजमार्ग र सहायक राजमार्गमा विभिन्न शीर्षकका नाममा गैर कानुनी रूपमा कर असुली गरिरहेको भन्दै यस सम्बन्धमा उच्च अदालतमा मुद्दा परेको छ । उच्च अदालत वीरगंजले यसअघि नै अन्तिम आदेश जारी गरी गैर कानुनी कर असुली नगर्न निर्देशन दिएको भए पनि सो आदेशको अवहेलना गर्दै स्थानीय तहहरूले जबरजस्ती कर असुली गरिरहेको ज्ञापन पत्रमा उल्लेख गरिएको छ । अदालतको आदेशको पालना गराउन र गैर कानुनी कर असुली बन्द गराउन प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय र मधेश प्रदेश सरकारलाई समेत ज्ञापन पत्रको प्रतिलिपि पठाइएको छ । ज्ञापन पत्र बझाउनेमा दुर्गाप्रसाद दाहाल, ओमशंकर प्रसाद साह, रामचन्द्र प्रसाद, जुमादिन अन्सारी, शुभनारायण, शंकर श्रेष्ठ लगायतका व्यवसायीहरू रहेका छन् । उनीहरूले गैर कानुनी कर असुली तत्काल रोक्न र अदालतको निर्णय कार्यान्वयन गर्न सरकारलाई आग्रह गरेका छन् ।

# मानव सेवा आश्रमलाई ५ लाख बढी गोप्य दान प्राप्त



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा निर्माणाधिन मानव सेवा आश्रमको सुविधासम्पन्न भवनका लागि एक जना दाताले ५ लाख ११ हजार रुपैयाँ गोप्य दान दिएका छन् ।
वीरगंजमै स्थायी घर भई स्वास्थ्य क्षेत्रमा कार्यरत ती व्याक्तिले मानव सेवा आश्रमको भवन निर्माणका लागि आफ्नो व्याीक्तगत तर्फबाट ५ लाख ११ हजार रुपैयाँ गोप्यदान दिएर सहयोग गरेको मानव सेवा आश्रम वीरगंजका संस्थापक देवेश गुप्ताले जानकारी दिए ।
आफ्नो पहिचान गोप्य राखिदिन आग्रह गर्दै ती दाताले सोमबार मानव सेवा आश्रम वीरगंजका अभिभावक तथा भवन निर्माण समितिका संयोजक प्रकाश थारुलाई चेक प्रदान गरेको गुप्ताले बताए । भवन निर्माणका लागि आँफुले ५ लाख ११ हजार रुपैयाँ सहयोग गर्ने घोषणा गर्दै उनले सोमबार २ लाख ११ हजार रुपैयाँको चेक थारुलाई प्रदान गरेको र बाँकी ३ लाख रुपैयाँपनि केहि दिनमै दिने बताएको गुप्ताले जानकारी दिए । नेपाललाई सडक मानवमुक्त देश बनाउने अभियानमा सकृय मानव सेवा आश्रम वीरगंज शाखा अहिले प्रदेश सभा सदस्य रमेश कुर्मीले बनाएको धर्मशालामा सञ्चालित छ । त्यहाँ हाल ५५ जना आश्रितहरु राखिएको गुप्ताले बताए ।

# भारतको सहयोगमा निर्मित क्याम्पस र छात्रावास हस्तान्तरण



**मधेशदृष्टि**
**म्याग्दी ।**
म्याग्दी बहुमुखी क्याम्पसमा भारत सरकारको सहयोगमा निर्माण भएको क्याम्पस र छात्रावास भवनको आज हस्तान्तरण गरिएको छ । काठमाडौंस्थित भारतीय राजदूतावासका कन्सुलर अनिवासकुमार सिंह र जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापाले शिलाखेल अनावरण गरेर भवन उद्घाटन तथा हस्तान्तरण गरेका हुन् ।
भारत सरकारको दुई करोड ८३ लाख आर्थिक सहयोगमा १६ कोठे दुईवटा कक्षाकोठा र आठकोठे छात्रा छात्रावास भवन निर्माण भएको क्याम्पस प्रमुख श्रीधर सुवेदीले जानकारी दिए ।
तत्कालीन जिल्ला विकास समितिमार्फत भवन निर्माण भएको थियो । कार्यक्रममा राजदूतावासका कन्सुलर सिंहले भारत सरकारको सहयोगमा गण्डकी प्रदेशमा ७९ वटासहित देशभर पाँच सय ८३ वटा परियोजना सञ्चालन भएका जानकारी दिए ।
नेपालको विकासको प्रमुख साझेदार राष्ट्र भारतबाट शिक्षा र स्वास्थ्य क्षेत्रसँग सम्बन्धित परियोजनालाई प्राथमिकता दिएर परियोजना सञ्चालन भएको बताए । जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापा र बेनी नगरपालिकाका प्रमुख सुरत केसीले म्याग्दी क्याम्पसलाई पूर्वाधारसँगै प्रविधिमैत्री बनाउन आवश्यक रहेको बताए ।
उनीहरूले भारतको अयोध्यामा राममन्दिर निर्माणका लागि मूर्ति बनाउन दुई वर्षअघि लगिएका शिलाको उत्खनन स्थल कालीगण्डकी नदी किनारलाई देभशिला स्मारक स्तम्भ र स्नान स्थलका रूपमा विकास गर्न लागिएको जानकारी गराउँदै त्यसका लागि भारत सरकारसँग सहयोगको अपेक्षा गरे । म्याग्दी बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष सोमनाथ ढुङ्गानाले आठ सय ९७ जना विद्यार्थी अध्ययरत क्याम्पसमा निर्माण भएको भवनले पठनपाठनमा सहज भएको बताए । समुदाय स्तरबाट विसं २०४८ मा स्थापना भएको म्याग्दी क्याम्पसमा शिक्षा, व्यवस्थापन र मानविकी सङ्कायमा स्नाकोत्तर तहसम्मको अध्ययन हुन्छ । रासस

# वडाध्यक्षसहित दुई जना पुर्पक्षका लागि थुनामा



**मधेशद्दष्ट**
**सप्तरी ।**
सप्तरीको डाक्रेश्वरी नगरपालिका–१ का नवनिर्वाचित वडाध्यक्ष धीरेन्द्रकुमार साहलाई अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।
सप्तरी जिल्ला अदालतका न्यायाधीश दीपक घितालको इजलासले उनीसहित दुई जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिइएको हो । नवनिर्वाचित अध्यक्षसहित ६ जनाविरुद्ध जबरजस्ती करणी गरी कर्तव्य ज्यान गरेको र व्यक्ति बेपत्ता गरेको सम्बन्धी दुईवटा मुद्दा दर्ता भएको छ । अदालतले वडा अध्यक्ष साहसहित अर्का आरोपी शिक्षक राजनारायण साहलाई पनि पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन